## आर्थिक वर्ष २०७६/०७७ को वार्षिक नीति, कार्यक्रम तथा बजेट

# नगर विकास योजना

# ०७६/०७७


**भीरकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

बयरघारी, स्याङ्जा

गण्डकी प्रदेश, पोखरा



२०७६


# नगर विकास योजना

## आर्थिक वर्ष २०७६/०७७

## नगर सभाबाट स्वीकृत
## २०७६ असार १९ गते

प्रकाशकः
सूचना तथा अभिलेख शाखा
भीरकोट नगरपालिका
वयरघारी, स्याङ्गजा
फोन नं ०६३-४००१०६
**E-mail:-** info@bheerkotmun.gov.np
**Website:-** bheerkotmun.gov.np

# भीरकोट नगरपालिकाको नक्सा




WardWise Area

| Wards | Area(Sq. km) |
|---|---|
| 1 | 9.66 |
| 2 | 6.02 |
| 3 | 9.99 |
| 4 | 4.66 |
| 5 | 7.68 |
| 6 | 6.50 |
| 7 | 7.19 |
| 8 | 17.20 |
| 9 | 9.33 |

Data Source: Government of Nepal, Survey Department

Prepared By: Er.Sandeep Aryal, Ph:9843223051, Email: coolsandip2015@gmail.com

## मन्तव्य



आम भीरकोट नगरबासीका लागि सार्वजनिक निर्माण, वस्तु, सेवा तथा सुविधा उपलब्ध गराउने जिम्म्वारी रहेको सबैधानिक प्रक्रियाका आधारमा गठित भीरकोट नगरपालिकाद्वारा आर्थिक वर्ष ०७६/०७७ मा उपलब्ध गराउने निर्माण, सेवा र सुविधा सहितको योजना, कार्यक्रम, नीति र बजेट समाविष्ट भीरकोटको संक्षिप्त परिचय समेत दिने गरी तयार पारीएको यस पुस्तक वार्षिक "**<u>भीरकोट नगर योजना</u>**" प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ । सीमित साधन श्रोत, असीमित आवश्यकता र चाहनाका वीच श्रोत,साधन र क्षमतालाई मितव्ययी र पारदर्शि रुपमा कार्य सम्पादन गर्ने उद्देश्य सहित राय, सुझाव र परामर्शलाई आधारमानी गाउँवस्तीस्तरबाट प्रस्तावित प्राथमिकताका आधारमा चालू वर्षका लक्षित योजनाले सवै समस्यालाई समाधान गर्न सकिएको छैन तर लक्षित वजेट र कार्य क्षमता सहि सदुपयोग हुन सकेमा अवस्य समस्यामा कमि आउने विश्वास मैले लिएको छु ।

स्थानीय तहका योजना तर्जुमा प्रक्रिया सहित प्रगति लक्ष्योन्मुख विकासका गतिविधी एवं भीरकोटको समग्र पक्षको संक्षिप्त जानकारी एवं विकास कार्यक्रमले आम सरोकारवाला नागरीकलाई सूसूचित हुने अधिकार सुनिश्चित हुने कुरामा यस नगर योजना पुस्तक उपयोगी हुने विश्वास मैले लिएको छु । सहभागितात्मक विकास विना दिगो विकास हुन सक्दैन भने सम्वृद्धि एवं विकास कार्यमा स्थानीय समुदाय एवं आम नागरिकको सहयोग र समन्वय रहनुपर्दछ। उहाँहरुको योगदान विना नगरपालिकाका उल्लेखित लक्ष्य एवं कार्यक्रमले सार्थकता प्राप्त गर्न नसक्ने भएकोले भीरकोट नगरपालिकावाट स्वीकृत नीति तथा कार्ययक्रमको कार्यान्वयनमा आम भीरकोट नगरवासीहरुको सहयोग, समन्वय र आवश्यक राय, सल्लाह र सुझाव समेत प्राप्त हुनेछ भन्ने आशा र विश्वास लिएको छु ।

छिटो छरितो स्तरीय र भरपर्दो सेवा प्राप्त गर्ने नागरिकको अधिकारलाई सूनिश्चित गर्न नागरिक समाजलाई समेत जिम्मेवार बनाई सरकारी सेवा र सुविधामा सबैको पहुँच सुनिश्चित गर्दै नगरपालिकाबाट उपलब्ध गराउने सेवा र सुविधा गाउँ,गाउँ र टोल,टोल सम्म पुऱ्याउने प्रयास गरिएको छ । यो नगर योजना पुस्तक तयार पार्ने कार्यमा सहयोग गर्ने सम्पूर्ण निर्वाचित पदाधिकारी तथा कर्मचारी मित्रहरु प्रति आभार प्रकट गर्न चाहन्छु ।

**छायाराम खनाल**
**नगर प्रमुख**
**भीरकोट नगरपालिका**
**बयरघारी, स्याङ्गजा**

**मन्तव्य**



श्रोत तथा साधनको सिमितता वावजुद पनि स्थानीय नगरवासीहरुको असीमित इच्छा र आकांक्षा पुरा गर्ने अवस्थामा यस नगरपालिका रहेको छ । यस्तो अवस्थामा सूचना तथा तथ्याङ्कमा आधारीत भएर श्रोतनक्सा बमोजिम आयोजना तथा कार्यक्रमको छनौट एवं प्राथमिकता तोकिनुपर्ने हुन्छ, जुन ज्यादै चुनौती पूर्ण कार्यका रुपमा रहेको छ । यसै तथ्यलाई मध्ये नजर गरी सबै सरोकारवाला तथा उपभोक्ता समक्ष नगरपालिकाको योजना, नीति तथा बजेट र कार्यक्रम पुऱ्याउँदा प्रभावकारीतामा झनै बृद्धि हुने देखी भीरकोट नगरपालिकाले यस नगर विकास योजना पुस्तिका प्रकाशन गर्न लागेकोमा गौरवान्वित महशुस गरिएको छ ।

यस पुस्तकमा प्रस्तुत गरिएका सूचना, जानकारी र नीति, योजना र कार्यक्रमले नागरिकहरुलाई सू-सूचित हुन महत्वपुर्ण योगदान पूग्ने आशा मैले लिएको छु ।

अन्त्यमा पुस्तक तयार गर्ने कार्यको लागि खटिनुहुने सबै कर्मचारी एवं राष्ट्रसेवक साथीहरुलाई म विषेश धन्यवाद दिदै आगामी दिनहरुमा यस्ता सृजनात्मक क्रियाकलापहरुले निरन्तरता पाउन, यस्ता प्रकाशन अझै परिस्कृत र परिमार्जित रुपमा गर्नका लागि सम्बन्धित सरोकारवालासंग म आवश्यक सुझाब र सल्लाहको पनि अपेक्षा गर्दछु ।

**सिमा के.सी. कर्माचार्य**
**नगर उप-प्रमुख**
**भीरकोट नगरपालिका**
**बयरघारी, स्याङ्गजा**

## मन्तव्यः



राज्यका तर्फबाट आमनागरिकलाई पुऱ्याउनु पर्ने सेवा तथा सुविधाहरु नागरिकको सबैभन्दा नजिकको केन्द्रबाट सर्वसुलभ रुपमा उपलब्ध गराउने उद्देश्यका साथ नगरापलिकाको गठन भएकोमा स्थानीय तह निर्वाचन २०७४ को निर्वाचन पश्चात त्यसलाई जनताको अपेक्षा अनुसार साकार पार्नु पर्ने जिम्मेवारी यस नगरपालकाको काँधमा आएको व्यहोरा सवैमा विदितै छ । भीरकोट नगरपालिकाको विद्यमान आवश्यकता र नगरवासीका इच्छा तथा आकांक्षा बमोजिम उपलब्ध सीमित श्रोत तथा साधनलाई प्रभावकारी रुपमा उपयोग गर्नका लागि सहभागितामुलक योजनाको तर्जुमा र त्यसको व्यवस्थित कार्यान्वयन गरि तोकिए बमोजिमको लक्ष्य तथा उपलब्धी हासिल गर्नु पर्ने दायित्व नगरपालिकामा रहेको छ। यसै दायित्वलाई आत्मसाथ गर्दै नगरपालिकाको तेश्रो नगरसभाबाट उपलब्ध श्रोत तथा साधनको महत्तमरुपमा परिचालन गर्नका लागि आर्थिक वर्ष २०७६/०७७ मा नगरपालिकाबाट संचालन हुने गतिविधिहरुको विषयमा आम नगरवासीलाई जानकारीका लागि नगरपालिकाले नगर विकास योजना २०७६ प्रकाशन गर्न गईरहेको छ। आर्थिक वर्ष २०७६/०७७ मा संचालन हुने क्रियाकलापहरुको पुस्तिका मार्फत प्रकाशन गरी सम्पूर्ण भीरकोटवासीलाई जानकारी गराउन पाउँदा हामीलाई अत्यन्तै खुशी लागेको छ।

भीरकोट नगरपालिकाको निर्वाचित पदाधिकारीहरुको बहाली पश्चात पहिलो पटक प्रकाशित हुन लागेको नगर विकास योजना सम्बन्धी यस पुस्तकको प्रकाशनमा सहयोग गर्ने कर्मचारी मित्रहरु र पुस्तक प्रकाशनका लागि उत्प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण निर्वाचित पदाधिकारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु र यस पुस्तक रेहेका कमिकमजोरीहरु र आगामी दिनमा थप परिस्कृत रुपमा प्रकाशन गर्नका लागि आवश्यक राय सल्लाह तथा सुझाव दिनका लागि सम्पूर्ण पाठक वर्ग र भीरकोटवासी दिदीबहिनी, दाजुभाई बुवाआमाहरुलाई आग्रह गर्दछु ।

**धर्म राज ढुंगाना**
**प्रमुख प्रशासकिय अधिकृत**
**भीरकोट नगरपालिका**

# विषय सूची

**भाग १**

१.१ नगरपालिका परिचय १-६

**भाग २**

२.१ आर्थिक वर्ष २०७६/०७७ नीति तथा कार्यक्रम ७-२१

२.२ बजेट तथा कार्यक्रम २२-३४

**भाग ३**

३.१ आर्थिक वर्ष २०७६/०७७ को लागि स्वीकृत शिर्षकगत खर्चको विवरण ३५-३७

३.२ नगरस्तरीय आयोजनाको विवरण ३७-३८

३.३ वडास्तरीय आयोजनाको विवरण ३८-४५

३.४ अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गतका कार्यक्रमको विवरण ४६-५०



नगरपालिका कार्यालय भवन



वडा कार्यालय भवन



छाङ्गछाङ्गदी छायाँक्षेत्र मन्दिर



मुल्का बराहा मन्दिर





प्याराग्लाईडिङ्ग स्थल- स्वरेक मैदान





आँधिखोला र भीरकोट सदरमुकाम वयरघारी बजार

# नगर सभा
# ०७६/०७७




# पदाधिकारी/कर्मचारीहरु

# भाग-१

## १.१ नगर परिचयः-

गण्डकी प्रदेश स्याङ्गजा जिल्ला अन्तर्गत पर्ने एक पहाडी भेगमा अवस्थित भीरकोट नगरपालिका। सदरमुकाम बयरघारी समुन्द्रिक सतहबाट करीब ७३० मिटर उचाइमा रहेको छ । यसको न्यूनतम उचाइमा रहेको छाङ्गछाङ्गदी फाँट समुद्री सतहबाट करीब ७१३ मिटर रहेको र अग्लो भु-भागका रुपमा वडा नं ९ स्थित नारायणगिरी मन्दिर तथा वडा नं ८ स्थित तामुको लेक समुद्री सतहबाट करीब १७३५ मिटर उचाइमा रहेको छ । भीरकोट नगरपालिकाको पुर्वमा विरुवा गाउँपालिका र पुतलीबजार नगरपालिका, पश्चिममा पर्वत जिल्ला, उत्तरमा अर्जुनचौपारी गाउँपालिका र पुतलीबजार नगरपालिका तथा दक्षिणमा वालिङ्ग नगरपालिकालसँग सिमाना जोडिएको छ ।

मध्यकालिन आँधिखोलाको सभ्यताभित्र भीरकोट राज्यको स्थापना विक्रम संम्बत १४७५ देखि १५०० को बीचमा भएको थियो । स्याङ्गजाको इतिहासमा नुवाकोट, सतहुँकोट गह्रौंकोटमध्ये भीरकोटलाई प्राचिन ऐतिहासिक किल्ला र कोट मानिएको पाइन्छ। उहिले आँधिखोलादेखि पश्चिम खिलुङ्ग भन्ने स्थानलाई जैन खाँनले बस्ती बसालेका र त्यसैको निकट भीरकोट शीतल हावाचल्ने ठाँउमा घर, मन्दिर, निर्माण गरी कोटघरको रचनाका साथ ठकुराईहरुले राज्य चलाएको पाइन्छ ।

डा. बम बहादुर अधिकारीद्धारा लिखित बाइसे तथा चौबीसे राज्यहरुको संक्षिप्त इतिहास नामक पुस्तकमा उल्लेख भए अनुसार राणाकालको पश्चिम ४ नंम्बर भीरकोट ईलाका पैयुकोट, सर्दीखोला, सेतीखोला, बाडखोला, दह्रौखोला, मिर्दीखोला, बायखोला, च्याङ्गदीखोला, करादीखोला, अर्मादीखोला, लुब्दीखोला, फेदीखोला आदी सबै खोला आँधिखोलामा मिसिने भएकाले यी सबै क्षेत्रको समष्टिगत नाम आँधिखोला रहेको र पूर्वमध्यकालमा जैन खानका छोरा सूर्य खानले भीरकोट राज्यको स्थापना गरेको पाइन्छ भने यसै नगरपालिकाको वडा नंम्बर १ को जगतपुरमा भीरकोटे राजाहरुले शासन गरेको दरबार हालसम्म पनि रहेको छ। भीरकोट राज्यको साविकको इतिहास र भीरकोटे राजाहरुले शासन गरेको दरबार हालसम्म पनि यसै नगरपालिका भित्र रहेकोले यस नगरपालिकाको नामाकरण तथा गठन सोही दरवारको नामका आधारमा रहेको र यस नगरपालिकाको गठन २०७२/०६/०१ गते भएको हो ।

यस नगरपालिकाको उत्तरमा अवस्थित शंखपुर भीरकोट नगरपालिका वडा नंम्बर-१, देखि दक्षिणमा भीरकोट नगरपालिका वडा नंम्बर ४ को खत्रीखोलासम्म तथा पूर्व तर्फ भीरकोट नगरपालिका वडा नंम्बर-३ को भुरुङ्गखोला देखी पश्चिम तर्फ भीरकोट नगरपालिका वडा नंम्बर ९ को कालिकाकोट पर्वत जिल्लाको सिमान सम्म फैलिएको छ ।

यस नगरपालिकाको जनगणना २०६८ अनुसार कुल जनसंख्या २५,५८३ मध्ये महिलाहरुको १४,५९९ र पुरुषको संख्या १०,९८४ रहेको छ । कुल जनसंख्याको ७८.०४ प्रतिशत जनसंख्या साक्षरता मध्ये महिलाको ६९.८० र पुरुष ८६.२८ प्रतिशत साक्षर रहेका छ।

यस नगरपालिकाको कुल क्षेत्रफल ७८.२३ वर्ग किलोमिटर रहेको छ । साथै साविकका ७ वटा गाउँ विकास समितिहरु मिलाएर भीरकोट नगरपालिका गठन गरिएकोमा समग्र हालका वडाहरुको गठन देहाय बमोजिम रहेको छ ।

देहायः-

| सि.न. | साविकका गा.वि.स. | साविकका वडाहरु | हालको भीरकोट नगरपालिकामा कायम भएका वडाहरु |
|---|---|---|---|
| १ | दार्सिङ्ग दहथुम | १,२,३ र ५ | भीरकोट नगरपालिका वडा नं-१ |
| २ | दार्सिङ्ग दहथुम | ४,६,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं २ |
| ३ | बानेथोक देउराली | १ देखी ९ सम्म | भीरकोट नगरपालिका वडा नं-३ |
| ४ | छाङ्गछाङ्गदी | २,३,७,८ र ९ | भीरकोट नगरपालिका वडा नं-४ |
| ५ | स्वरेक | १,५,६,७ र ९ | भीरकोट नगरपालिका वडा नं-५ |
| ६ | खिलुङ्ग देउराली | ३,५,७ र ८ | भीरकोट नगरपालिका वडा नं-६ |
| ७ | खिलुङ्ग देउराली | १,२,४,६ र ९ | भीरकोट नगरपालिका वडा नं-७ |
| ८ | ढापुक सिमलभञ्याङ्ग | १ देखी ९ सम्म | भीरकोट नगरपालिका वडा नं-८ |
| ९ | कालिकाकोट | ३,४,५,६,७ र ८ | भीरकोट नगरपालिका वडा नं-९ |

यस नगरपालिकामा रहेको पक्की सडक मध्ये ९.१७ किलोमिटर सडक सिद्धार्थ राजमार्ग खण्डको रहेको र १.५ किलोमिटर सडक नगरपालिका मार्फत निर्माण भई नगरपालिका अन्तर्गत कुल १०.६७ किलोमिटर सडक पक्की रहेको छ । यसै गरी बयरघारी-हुवास खण्डको २३ किलोमिटर सडक मध्ये ५ किलोमिटर पक्की सडक नेपाल सरकारबाट निर्माणाधिन रहेको छ भने, बयरघारी-बानेथोक खण्डको २३.५ किलोमिटर कच्ची सडकलाई पक्की बनाउन नेपाल सरकारबाट बजेट विनियोजन भएको छ । त्यसै गरी बयरघारी-ढापुक फेदी हुदैं पर्वत भोर्ले सम्म २० किलोमिटर कच्ची सडक निर्माण भई संचालन हुदै आएको छ।

पक्की पुल तर्फ आँधिखोलामा २ वटा पक्की मोटरेवल पुल, खाँदीखोलामा पक्की पुल १, लुब्दिखोला २ वटा पक्की पुल र गोदीखोलामा १ समेत गरी जम्मा ६ वटा पक्की पुल रहेका छन।

यस नगरपालिका भित्र खेती योग्य ठुला फाँटका रुपमा बयरघारी, छाङ्गछाङ्गदी, पकान, सिमलचौर र मर्तवास रहेका छन् भने ती फाँटहरुको प्रमुख सिंचाईको मूल श्रोतको रुपमा आँधिखोला रहेको छ ।

पर्यटन विकासको प्रचुर संभावना बोकेको यस नगरपालिकाभित्रका प्रमुख पर्यटकिय स्थलहरु मध्ये प्याराग्लाईडिङ्गका लागि स्वरेक मैदान, पवित्र धार्मिक स्थलका रुपमा छाङ्गछाङ्गदी छायाँक्षेत्र मन्दिर त्यस्तै गरी घरबास पर्यटनका लागि वडा नं. ७ को खिलुङ्ग, वडा नं. ८ को ओकादी र वडा नं. २ को केघाभञ्ज्याङ्ग प्रमुख संभावना रहेका स्थानहरु छन् भने मुल्का वराह, खिलुङ्ग कालिका, स्वरेक भैरव कालीका, भवानीथुम, बानेथोक देउराली, केघा देउराली, गडहरे गुफा, सिर्कोट कालिका, नारायणगिरी मन्दिर, दफुर्का वन, सुन्दरचौर बनस्पति सुचना केन्द्र लगायतका स्थलहरु पर्यटकीय आकर्षणका केन्द्रको रुपमा रहेका छन्।

यस नगरपालिकामा उत्पादित प्रमुख नगदे वालीहरुमा अदुवा, केरा, सुन्तला र कफी एवं अम्रिसो खेतीका प्रमुख नगदे वालिका रुपमा रहेका छन् भने कोदो, मकै, गहूँ र धान प्रमुख खाद्यन्न वालिका रुपमा रहेका छन् ।त्यसै गरी जडीवुटीका रुपमा गिठो, भ्याकुर, तरुल, सखरखण्ड, लालीगुँरास, सुनगाभा लगायतका जडीवुटीहरुको सम्भावना रहेको छ । नेपाल सरकारको मिति २०७२/०६/०१ गतेको निर्णयानुसार गठन भएको यस नगरपालिकामा ६०८५ परिवार संख्यामा २५५८३ जना मानिसहरु अक्सर बसोवास गर्ने यस नगरपालिकाको जनसांख्यिक विवरण देहाय बमोजिम रहेको छ ।

## भीरकोट नगरपालिकाको जनसांख्यिक विवरणः

| साविक गाविस | साविक वडा नं. | हालको वडा | पुरुष | महिला | जम्मा | परिवार मूली | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुरुष | महिला | जम्मा |
| दहथुम | १,२,३,५ | १ | १५३९ | २११० | ३६४९ | ४१३ | ५४८ | ९६१ |
| दहथुम | ४,६,७,८,९ | २ | १३०७ | १६४२ | २९४९ | ४२० | २९१ | ७११ |
| बानेथोक | १ देखि ९ | ३ | १५१३ | २०३३ | ३५४६ | ४८४ | ३८० | ८६४ |
| छाङछाङदी | २,३,७,८,९ | ४ | ६२७ | ७५५ | १३८२ | १९० | १३२ | ३२२ |
| स्वरेक | १,५,६,७,९ | ५ | १२६५ | १८६५ | ३१३० | ३९३ | ३२७ | ७२० |
| खिलुङ | ३,५,७,८ | ६ | ९१६ | ११९८ | २११४ | २८२ | २४४ | ५२६ |
| खिलुङ | १,२,४,६,९ | ७ | ९६२ | १२४८ | २२१० | ३१३ | २१२ | ५२५ |
| ढापुक | १ देखि ९ | ८ | १५६८ | २०९८ | ३६६६ | ४९० | ३४५ | ८३५ |
| कालिकाकोट | ३,४,५,६,७,८ | ९ | १२८७ | १६५० | २९३७ | ३८० | २४१ | ६२१ |
| जम्मा | | | १०९८४ | १४५९९ | २५५८३ | ३३६५ | २७२० | ६०८५ |

श्रोतः राष्ट्रिय जनगणना २०६८

## भीरकोट नगरपालिकामा रहेका जातजाती अनुसार जनसंख्याको विवरणः

| क्र.स. | जाती | जम्मा जनसंख्या | जम्मा पुरुष | जम्मा महिला | क्र.स. | जाती | जम्मा जनसंख्या | जम्मा पुरुष | जम्मा महिला |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | क्षेत्री | ६७४८ | २८०४ | ३९४४ | १० | सार्की | २१९१ | ९४७ | १२४४ |
| २ | ब्राहमण | ६८३२ | २९४० | ३८९२ | ११ | घर्ती भुजेल | ३८१ | १८३ | १९८ |
| ३ | मगर | ३४१४ | १४६० | १९५४ | १२ | माझी | ३०९ | १५४ | १५५ |

| क्र.स. | जाती | जम्मा जनसंख्या | जम्मा पुरुष | जम्मा महिला | क्र.स. | जाती | जम्मा जनसंख्या | जम्मा पुरुष | जम्मा महिला |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | थारु | १२ | ५ | ७ | १३ | गाइने | ३६ | १३ | २३ |
| ५ | नेवार | १०५५ | ४६२ | ५९३ | १४ | खवास | १२६ | ४७ | ७९ |
| ६ | कामी | २१४२ | ९४५ | ११९७ | १५ | मुसल्मान | ४७४ | २०० | २७४ |
| ७ | गुरुङ्ग | ४२४७ | १८७० | २३७७ | १६ | सन्यासी/दसनामी | ४५९ | १८६ | २७३ |
| ८ | दमाई | ८४३ | ३८० | ४६३ | १७ | तराई अन्य | १५ | ७ | ८ |
| ९ | ठकुरी | १०२५ | ४२६ | ५९९ | १८ | अन्य | ७९ | ३२ | ४७ |

श्रोतः राष्ट्रिय जनगणना २०६८

## भीरकोट नगरपालिकामा रहेका विद्यालय र क्याम्पसको विवरणः

| क्र.स. | विद्यालयको नाम | वडा नं. | तह | क्र.स. | विद्यालयको नाम | वडा नं. | तह |
|---|---|---|---|---|---|---|---|
| १ | सिरुखर्क जोगिस्थान मा.वि. | ८ | माध्यमिक | २४ | जनज्योति आ.वि. | ६ | प्राथमिक |
| २ | पब्लिक एकेडेमी मा.वि. | ८ | माध्यमिक | २५ | जनसेवा आ.वि. | ६ | प्राथमिक |
| ३ | महेन्द्रज्योति मा.वि. | ७ | माध्यमिक | २६ | दीपज्योति आ.वि. | २ | प्राथमिक |
| ४ | जनप्रिय मा.वि. | ५ | माध्यमिक | २७ | महालक्ष्मी आ.वि. | ३ | प्राथमिक |
| ५ | सिर्कोट मा.वि. | ९ | माध्यमिक | २८ | रत्नदेवीस्थान आ.वि. | ८ | प्राथमिक |
| ६ | ठुलीभन्ज्याङ्ग मा.वि. | ९ | माध्यमिक | २९ | वटुकभैरव आ.वि. | ३ | प्राथमिक |
| ७ | पिपलडाँडा मा.वि. | | माध्यमिक | ३० | सितलचौर आ.वि. | ८ | प्राथमिक |
| ८ | दभुङ्गठाटी मा.वि. | ४ | माध्यमिक | ३१ | तिलाहार नेटा आ.वि. | ६ | प्राथमिक |
| ९ | दहथुम मा.वि. | २ | माध्यमिक | ३२ | गढीभन्ज्याङ्ग आ.वि. | ८ | प्राथमिक |
| १० | शहिदशुक्र मा.वि. | ३ | माध्यमिक | ३३ | वालज्योति आ.वि. | ५ | प्राथमिक |
| ११ | राजेन्द्र भवानी मा.वि. | ५ | माध्यमिक | ३४ | वाघभैरवी आ.वि. | ५ | प्राथमिक |
| १२ | भाग्योदय मा.वि. | ६ | माध्यमिक | ३५ | देउरालीभन्ज्याङ्ग आ.वि. | ६ | प्राथमिक |
| १३ | कालिका आ.वि. | ३ | नि.मा.वि. | ३६ | प्रगतिशिल आ.वि. | ७ | प्राथमिक |
| १४ | जनज्योति आ.वि. | ८ | नि.मा.वि. | ३७ | अमर आ.वि. | | प्राथमिक |
| १५ | कालिका आ.वि. | ५ | प्राथमिक | ३८ | सूर्यमुखी आ.वि. | २ | प्राथमिक |
| १६ | रानीरह आ.वि. | ४ | प्राथमिक | ३९ | सरस्वती आ.वि. | ७ | प्राथमिक |
| १७ | ध्रुवदेउराली आ.वि. | २ | प्राथमिक | ४० | | | |
| १८ | जनविकास आ.वि. | ३ | प्राथमिक | ४१ | बुद्ध मेमोरियल ईङ्गलिस बोर्डिङ्ग स्कुल | २ | मा.वि. निजी |
| १९ | भविष्य निर्माण आ.वि. | ९ | प्राथमिक | ४२ | वालज्योती ईंलिस बोर्डिङ्ग स्कुल | १ | मा.वि. निजी |
| २० | वालवर्ष आ.वि. | ७ | प्राथमिक | ४३ | बालोदय ईलिस बोर्डिङ्ग स्कुल | ६ | मा.वि. निजी |
| २१ | लक्ष्मी आ.वि. | १ | प्राथमिक | ४४ | कन्साईन्स ईंलिस बोर्डिङ्ग स्कुल | १ | मा.वि. निजी |
| २२ | भवानी आ.वि. | ८ | प्राथमिक | ४५ | वास्तरा भुपु सैनीक ईंलिस बोर्डिङ्ग स्कुल | ३ | मा.वि. निजी |
| २३ | पूर्णदुर्गा भवानी आ.वि. | २ | प्राथमिक | | | | |

श्रोतः भीरकोट नगरपालिका

## भीरकोट नगरपालिकामा रहेका सहकारी तथा वित्तिय संस्थाहरुको नामावली:

| क्र.स | संस्थाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | आँधिखोला लघुवित्त वित्तिय संस्था लि. | १ | |
| २ | गरिमा विकास बैक, वयरघारी | १ | |
| ३ | मेरो माइक्रोफाइनान्स वित्तिय संस्था लि. | १ | |
| ४ | आँधिखोला बचत तथा ऋण सहकारी संस्था लि. | १ | |
| ५ | शुभलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | १ | |
| ६ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | १ | |
| ७ | नयाँ कृषि अभियान सहकारी संस्थ लि. | १ | |
| ८ | कालिका बचत तथा ऋण सहकारी संस्था लि | १ | |
| ९ | मुक्तिनाथ विकास बैंक, वयरघारी | २ | |
| १० | पश्चिमाञ्चल ग्रामिण विकास बैक | २ | |
| ११ | साना किसान सहकारी संस्था लि. | २ | |
| १२ | ग्रामिण कृषि सहकारी संस्था लि. | २ | |
| १३ | सबल पशुपालन सहकारी संस्था | २ | |
| १४ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | ३ | |
| १५ | उर्वर कृषि सहकारी संस्था लि. | ३ | |
| १६ | छायाँक्षेत्र बचत तथा ऋण सहकारी संस्था लि. | ४ | |
| १७ | कृषि उपज बजार सहकारी संस्था लि., गैह्राथोक | ४ | |
| १८ | नव सिर्जना कृषि सहकारी संस्था लि. | ५ | |
| १९ | महिला जागरण बहुउद्देश्यीय सहकारी संस्था लि. | ५ | |
| २० | जनशक्ति कफि सहकारी संस्था लि., थालेखर्क | ५ | |
| २१ | नव विहानी कृषि सहकारी संस्था लि. | ५ | |
| २२ | लुब्दिखोला कृषि सहकारी संस्था लि. | ६ | |
| २३ | सल्लाघारी बचत तथा ऋण सहकारी संस्था लि. | ६ | |
| २४ | माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. | ६ | |
| २५ | त्रिलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | ६ | |
| २६ | कालिका बचत तथा ऋण सहकारी संस्था लि. | ७ | |
| २७ | ढापुक बहुउद्देश्यीय सहकारी संस्था लि., ढापुक | ८ | |
| २८ | राधाकृष्ण महिला बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ | |
| २९ | लेकबेसी साना किसान सहकारी संस्था लि., सिर्कोट | ९ | |
| ३० | मेगा बैंक लिमिटेड, वयरघारी | १ | |

श्रोतः भीरकोट नगरपालिका

## भीरकोट नगरपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको नामावली:

| सि.न. | स्थलहरु | वडा नं. | सि.न. | स्थलहरु | वडा नं. |
|---|---|---|---|---|---|
| १ | भीरकोट दरबार | १ | ९ | दभुङ्गकालिका मन्दिर | ४ |
| २ | खिलुङ्ग कालिका मन्दिर | ७ | १० | स्वरेक कालिका मन्दिर राजेन्द्र भवानी | ५ |
| ३ | सुन्दरचौर बनस्पति सूचना केन्द्र | ६ | ११ | भीरकोट कालिका | ७ |
| ४ | स्वरेक मैदान प्याराग्लाईडिङ स्थल | ५ | १२ | खिलुङ्ग गाउँ, केघा भन्ज्याङ्ग र ओकादी होमस्टे | ७/८/२ |

| सि.न. | स्थलहरु | वडा नं. | सि.न. | स्थलहरु | वडा नं. |
|---|---|---|---|---|---|
| ५ | छाङ्छाङ्दी छायाँक्षेत्र मन्दिर | ४ | १३ | नारायण गिरी वावा मन्दिर | ९ |
| ६ | मुल्का वराह मन्दिर | ३ | १४ | सिर्कोट कालिका | ८ |
| ७ | गडहरे गुफा | ५/८ | १५ | केघा देउराली | १/२ |
| ८ | देउपुजे ढुंगो | ३ | १६ | कोखे छहरा | ३ |

श्रोतः भीरकोट नगरपालिका

## भीरकोट नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुको नामावलीः

| क्र.स. | स्वास्थ्य सेवा केन्द्र | ठेगाना |
|---|---|---|
| १ | कालिका सामुदायिक अस्पताल | हेलु |
| २ | खिलुङ्ग देउराली स्वास्थ्य चौकी | भण्डारखोला |
| ३ | बानेथोक देउराली स्वास्थ्य चौकी | वानेथोक |
| ४ | दार्सिङ्ग दहथुम स्वास्थ्य चौकी | जगतपूर |
| ५ | ढापुक सिमलभन्ज्याङ्ग स्वास्थ्य चौकी | ढापुक |
| ६ | खिलुङ्ग कालिका आयूर्वेदिक औषधालय | मुलपानी |
| ७ | सहरी स्वास्थ्य सेवा केन्द्र | मोहनडाँडा |
| ८ | छाङ्छाङ्दी स्वास्थ्य चौकी | छाङ्छाङ्दी |
| ८ | शहरी स्वास्थ्य केन्द्र | पासिनडाँडा |
| ९ | शहरी स्वास्थ्य केन्द्र | मोहनडाँडा |
| १० | शहरी स्वास्थ्य केन्द्र | बयरघारी |
| ११ | आयूर्वेद गाउँघर/शहरी क्लिनिक | बगरेबजार |

श्रोतः भीरकोट नगरपालिका

## भाग-२

### २.१ आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमः

१. भीरकोट नगरपालिकाको नगर प्रमुखको हैसियतले नगर सभाको यस वैठकमा आगामी आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा राष्ट्रिय स्वतन्त्रताका निमित्त आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण महान शहीदहरु तथा राष्ट्रप्रति समर्पित दिवङ्गत आदरणीय नेताहरुमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका नगरवासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु।

२. भीरकोट नगरपालिका नगरकार्यपालिकाको निमन्त्रणालाई स्वीकार गरी नगरसभाको चौथौ अधिवेशनमा पाल्नुहुने प्रदेश सभा सदस्य माननीय मोहन रेग्मीज्यू, माननीय मेखलाल श्रेष्ठज्यू, माननीय दिपक चर्तिमगरज्यू, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधीज्यूहरु, उपस्थित वडा अध्यक्षज्यूहरु, वोर्ड सदस्यहरु, नगरसभाका सदस्यज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरू, टोल विकास समिति, आमा समूह तथा यूवा क्लबका प्रमुखहरु र कार्यक्रममा उपस्थित कर्मचारीहरु, सुरक्षाकर्मी तथा पत्रकार मित्रहरुलाई म सर्वप्रथम यस गरिमामय सभामा स्वागत गर्न चाहन्छु ।

३. गत आर्थिक वर्ष २०७५ असार १२ गतेको नगरसभामा मैले नगर कार्यपालिकाको आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा प्रशासन सुधार लगायतका विभिन्न क्षेत्रहरुलाई सम्बोधन गर्ने गरी नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गरेको व्यहोरा स्मरण गराउन चाहान्छु ।

४. नेपालको संविधान २०७२ ले परिकल्पना गरे बमोजिम यस भीरकोट नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा हामीले विगत एक वर्षको अभ्यास तथा सिकाईबाट हासिल गरेको अनुभव, भीरकोट नगरपालिकाका वडा अध्यक्षहरु, वोर्ड सदस्यहरु, नगर सदस्यहरु, नगरपालिकामा रहेका राजनीतिक दलमा प्रतिनिधि तथा प्रमुखहरु, विभिन्न क्षेत्रका बुद्धिजिवीहरु, भीरकोटलाई कार्यक्षेत्र बनाएर संचालनमा रहेका बैक तथा वित्तिय संस्थाका प्रतिनिधि तथा प्रमुखहरु, नगरपालिकाका विषयगत शाखामा कार्यरत कर्मचारीहरु लगायत भीरकोट बाहिर विभिन्न पेशा, व्यवसायमा संलग्न बुद्धिजीवीहरुसँग भएको छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय, सल्लाह तथा सुझाव समेतलाई मध्येनजर राखी नीति तथा कार्यक्रम तयार गरिएकोले नीति निर्माणमा राय, सल्लाह तथा सुझाव दिने सवैलाई धन्यवाद व्यक्त गर्दै आर्थिक वर्ष ०७६/०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु।

## क. पुर्वाधार विकासः

५. आर्थिक वर्ष ०७६/०७७ मा नगरपालिकाको निर्माणाधिन भवन सम्पन्न गर्ने, वडा कार्यालय भवन निर्माण गर्न जग्गा नभएका वडाहरुको लागि जग्गा प्राप्ती गर्ने र जग्गा उपलब्ध भएका वडाहरुको हकमा भवन निर्माण गर्ने कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाईने छ। निर्माणाधिन नगरपालिकाको भवन रहेको स्थानमा थप जग्गा प्राप्तिको लागि पहल गरिने छ।

६. नगरपालिका भित्र उत्पादन हुने फोहोरमैलाको व्यवस्थित र बैज्ञानीक व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन केन्द्रको डि.पि.आर.(Detailed Project Report) अनुसारको पूर्वाधार निर्माण, बसपार्कलाई व्यवस्थित गर्नका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण र गण्डकी प्रदेश सरकारको नीति अनुसार **'एक स्थानीय तह, एक खेल मैदान'** निर्माण गर्ने कार्यलाई प्रदेश सरकारसँगको साझेदारीमा अगाडी वढाईनेछ ।

७. भीरकोट नगरपालिका क्षेत्रभित्र खोलिएका पुराना तथा नयाँ सडकको मर्मत सम्भार र स्तरोन्नती गर्दा वातावरणीय प्रभावलाई न्युनिकरण गर्ने उपायहरुको अवलम्वन गरि मर्मत तथा स्तरोन्नती गर्न कार्यलाई निरन्तरता दिइने छ ।

८. नगरक्षेत्र भित्रका साविकमा नेपाल सरकारका विभिन्न निकायहरुबाट मापदण्ड तोकिएका सडकहरुको मापदण्ड सोही अनुसार र मापदण्ड नतोकिएका सडकहरुको सडक अधिकार क्षेत्र (**राईट अफ वे**) तोकिने छ । सवै वडाहरुमा **'एक वडा, एक रणनीतिक सडक'** छनौट गरी मर्मत, संभार र स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी वढाईनेछ ।

९. नगरक्षेत्र भित्र रहेका एक वा एक भन्दा वढि वडा समेट्ने गरी निर्माण भएका महत्वपूर्ण सडकहरुलाई क्रमश स्तरोन्नती गर्नका लागि संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा निर्माण गर्ने कार्य अगाडी वढाउन आवश्यक पर्ने डि.पि.आर.(Detailed Project Report) तयार गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१०. **'उज्यालो भिरकोट अभियान'** अन्तर्गत आर्थिक वर्ष २०७५/०७६ को अनुभव समेतका आधारमा नगरक्षेत्र भित्रका आवश्यक स्थानमा सडक वत्ति/ सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

११. वयरघारी बजार क्षेत्र भित्र पक्की सडक निर्माणका लागि घरवस्तीको कारणले आवश्यक पर्ने न्यूनतम मापदण्ड नपुग्ने सडकहरुको मर्मत/संभारका लागि सम्बन्धित उपभोक्ताहरुको अनिवार्य लागत सहभागिता (नगद) सुनिश्चितता रहने गरी सोलिङ्ग र पि.सि.सि. गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

१२. वयरघारी बजार र आसपासमा रहेका वस्ती योग्य स्थानहरुमा विस्तार भएका बजार र संभावना रहेका स्थानहरुमा व्यवस्थित र वैज्ञानीक वस्ती विकासका लागि आवश्यक पर्ने सडक खानेपानी तथा ढल निकासको व्यवस्थापन गर्न आम बजारवासीको सहमति र सहकार्यमा ढल व्यवस्थापन गर्ने कार्यका लागि सम्भाव्यता अध्ययन गरिने छ।

१३. नगरपालिकामा आर्थिक वर्ष २०७६/०७७ को श्रावण १ गते देखि घर निर्माण कार्यको अनुमति दिंदा एउटै बजार क्षेत्रमा एउटै रङ्गको प्रयोग गर्ने गरी अनुमति दिने व्यवस्था मिलाईने छ ।

१४. नगरपालिकाको पहिचानको रुपमा रहेको आँधिखोला आसपासका खेतीयोग्य भूमीको संरक्षण गर्न आँधिखोलाका सम्पूर्ण क्षेत्रको तटबन्धनका लागि डि.पि.आर.(Detailed Project Report) तयार गर्ने कार्य अगाडी वढाईनेछ ।

१५. नगरक्षेत्रभित्र सडक, खानेपानी, सिंचाई लगायतका पूर्वाधारजन्य आयोजनाहरु तर्जुमा गर्दा **रोजगारमा आधारित श्रममूलक आयोजना** पहिचान गरी आगामी आर्थिक वर्ष २०७६/०७७ मा कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता साथ अगाडी वढाउने व्यवस्था मिलाईने छ ।

१६. चालु आर्थिक वर्षमा सम्पन्न हुन नसकी अधुरा रहेका र क्रमागत आयोजनाहरुलाई आवश्यक बजेट विनियोजन गरी सम्पन्न गर्ने व्यवस्था मिलाईने छ ।

१७. नगरक्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा अपाङ्ग, ज्येष्ठ नागरीक तथा वालमैत्री हुने गरी विकास निर्माणका कार्यहरु अगाडी वढाउने व्यवस्था मिलाईने छ ।

१८. नगरपालिका तथा वडा कार्यालयहरुको भवन निर्माण, ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, ठूलाखालका सडक निर्माण तथा खानेपानी आयोजनाको संचालन तथा निर्माणका लागि योजना बैक तयार गरी कार्यान्वयनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य गरी अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

१९. नगरपालिका तथा वडा स्तरबाट आयोजनाहरु तर्जुमा गर्दा नगरवासीहरुले अनुभुति गर्ने खालका ठूला तथा दिगोपना भएका आयोजनाहरुको छनोट गर्ने व्यवस्था मिलाइनेछ ।

२०. बजार क्षेत्रको मुख्य खेतीयोग्य जमिनका रुपमा रहेका वयरघारी मझुवा र छाङ्गछाङ्गदी फाँटको सिचाईको मुख्य स्रोतका रुपमा रहेको दार्सिङ्ग दहथुम छाङ्गछाङ्गदी ओडारे सिचाई योजना संचालनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य र समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।

## ख. सामाजिक विकासः

२१. नगर प्रमुखसँग ज्येष्ठ नागरिक कार्यक्रम अन्तर्गत भीरकोट क्षेत्र भित्र रहेका ज्येष्ठ नागरिकहरुलाई एक आपसमा चिरपरिचित गराई उनीहरुको दिनचर्यालाई सहज र सरल बनाउनका लागि **'एक वडा, एक ज्येष्ठ नागरीक दिवा सेवा केन्द्र'**, निर्माण गर्न आवश्यक

स्थानहरुको पहिचान गरी त्यस्ता स्थानहरुको डि.पि.आर.(Detailed Project Report) गर्ने कार्यलाई तिव्रताका साथ अगाडी वढाईने छ।

२२. मेयरसँग वालवालिका कार्यक्रम अन्तर्गत भीरकोट क्षेत्र भित्र रहेका वालवालिकाहरुलाई एक आपसमा चिरपरिचित गराउन र फुर्सदको समयमा मनोरञ्जन गर्न **'एक वडा एक बाल मनोरञ्जन पार्क'** निर्माणका लागि आवश्यक स्थानहरुको पहिचान गरी डि.पि.आर.(Detailed Project Report) तयार गरी पार्क निर्माण गर्ने कार्यलाई तिव्रताका साथ अगाडी वढाईने छ।

२३. नगरक्षेत्र भित्र रहेका विभिन्न जातजाती तथा भाषाभाषीहरुको मौलिक संस्कृती, रीतिरिवाज तथा परम्पराहरुको संरक्षण तथा विकास गर्ने कार्य अगाडी बढाउने व्यवस्था मिलाईने छ।

२४. नगरक्षेत्र भित्र वसोवास गर्ने फरक क्षमता भएका अपाङ्ग तथा असहाय नागरिकहरुको एकिन विवरण तयार गरी तिनीहरुको संरक्षण गर्न त्यस्ता नागरीकहरुको सीप तथा क्षमता अनुसारको सिप विकासका कार्यक्रमहरु अगाडि वढाईनेछ । यसका लागि आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

२५. नगरक्षेत्रभित्र रहेका महिलाहरुको सीप तथा क्षमता विकास गरी उद्यमशिल वनाउनका लागि मागका आधारमा सशक्तिकरण र शिपमुलक तालिमलाई निरन्तरता दिईने छ ।

२६. नगरक्षेत्र भित्र रहेका अपाङ्ग, दलित, मुस्लिम अल्पसंख्यक, विपन्न, पिछडिएको वर्ग तथा समुहको उत्थानका लागि आवश्यक पर्ने सीप तथा क्षमताको विकास गरी त्यस्ता वर्ग तथा समुदायको परम्परागत पेशा तथा व्यवसायहरुको विशेष संरक्षण, सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

२७. नगरपालिकामा रहेका असहाय र अपाङ्ग तथा सडक बालबालिकाहरुको संरक्षणका लागि असहाय, अपाङ्ग तथा सडक बालबालिका संरक्षण कोष स्थापना गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

२८. समाजमा विद्यमान महिला हिंसा र लागु पदार्थको दुर्व्यसन समेतका सामाजिक कुरीतीहरुको अन्त्य तथा नियन्त्रण गर्नत्यस्ता गतिविधीहरुको नियन्त्रण तथा रोकथामका कार्यमा संलग्न संघ संस्थाहरुसंगको सहकार्यमा सचेतनामुलक कार्यक्रमहरु संचालन गरी उनीहरुलाई घर परिवार र समाजमा पुनःस्थापना हुने व्यवस्था मिलाइने छ ।

२९. नगरक्षेत्र भित्र स्वच्छ पिउनेपानीको पहुँच नभएका वस्ती र परिवारको पहिचान गरी स्वच्छ पिउनेपानीको पहुँच सुनिश्चितता गर्दै स्वच्छ र शुद्ध पिउनेपानी उपलब्ध गराउने कार्य अगाडि वढाइने छ।

३०. नगरक्षेत्रभित्र खानेपानी आयोजनाहरु संचालन गर्दा पुराना योजनामा प्रयोग भएका पाइप र अन्य सामाग्रीहरुको मर्मत संभार गरि पुनः प्रयोग गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरी आयोजनाहरुको मर्मत गर्ने कार्यलाई अगाडि वढाईने छ ।

३१. नगर क्षेत्र भित्र उत्सर्जन हुने फोहोरलाई व्यवस्थित गर्दै फोहोरवाट मोहोर प्राप्त गर्ने कार्यलाई थप प्रभावकारी बनाउन फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने कार्यको लागि संघीय तथा प्रदेश सरकारसंगको सहकार्य र साझेदारीमा कार्यक्रम अगाडी बढाइने छ ।

३२. नगरक्षेत्र भित्र उत्सर्जन हुने फोहोर संकलन गर्ने कार्यलाई विस्तार गरी हरेक वडामा पुऱ्याउने व्यवस्था मिलाइने छ । यसरी उत्सर्जन हुने फोहोरको वर्गिकरण गरी कुहिने खालका फोहोरहरुलाई उत्पादन स्थलमा नै प्राङ्गारीक मल बनाउन आवश्यक प्राविधिक सिप, विधि सिकाई व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ । नकुहिने खालका पुनः प्रयोग गर्न सकिने फोहोरहरुको विक्री मुल्य कायम गरी खरिद विक्री गर्ने व्यवस्था मिलाइने छ ।

३३. पुर्ण सरसफाईका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयनलाई प्राथमिकता दिई पुर्णसरसफाई नगरपालिका बनाउन शौचालय नभएका विपन्न नागरीक र कच्ची शौचालय भएका नगरवासीलाई पक्की शौचालय निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण सामाग्री उपलब्ध गराउने कार्यलाई आगामी आर्थिक वर्ष २०७६/०७७ मा समेत निरन्तरता दिईनेछ। शौचालय निर्माण सामाग्री आवश्यक पर्ने नगरबासीहरुको पूर्व पहिचान र अभिलेखिकरण गरी आवश्यकताको आधारमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

३४. शैक्षिक क्षेत्रमा संघीय तथा प्रदेश सरकारबाट संचालित कार्यक्रमलाई निरन्तरता दिँदै नगरपालिकाबाट थप कार्यक्रमका साथ शैक्षिक विकासलाई प्रभावकारी रुपमा अगाडी बढाइने छ।

३५. विद्यालयको पहुँच भन्दा बाहिर रहेका वालवालिकाहरुको एकिन गरी अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिन विद्यालय भर्ना अभियान संचालन गरिनेछ।

३६. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन हुने खालका अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन गर्नुको साथै विद्यार्थीहरुले अनुभव गर्ने खालका अतिरिक्त शैक्षिक कार्यक्रम संचालन गरी उनीहरुको प्रतिभालाई सिपसंग आवद्ध गराउने व्यवस्था मिलाइने छ।

३७. **सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तरगत** नमुना सुचना प्रविधि तथा अत्याधुनिक प्रयोगशाला निर्माणका लागि संस्थागत विद्यालयहरुसंग लागत साझेदारीको आधारमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

३८. नगर क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा प्राविधिक शिक्षा आवश्यक पर्ने विषय र क्षेत्रको सम्भाव्यता अध्ययन गरी प्राप्त नतिजाका आधारमा अनुमती लिने प्रक्रिया अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

३९. आधारभुत तहको कक्षा १ मा भर्ना हुने विद्यार्थीलाई भर्ना हुनुभन्दा अगाडी १ वर्ष बालविकास केन्द्रको अनुभव दिलाए पश्चात मात्र कक्षा १ मा भर्ना गर्ने व्यवस्था मिलाइने छ ।

४०. बाल विकास केन्द्रमा अध्यनरत बालबालिकाहरुको विद्यालयमा निरन्तरता दिनका लागि आवश्यक पर्ने प्रोत्साहन मुलक कार्यहरुको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ।

४१. विद्यालयहरुको कक्षा कोठाको शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी बनाइ गुणस्तरिय शिक्षाको सुनिश्चितताका लागि शिक्षकहरुको सिप तथा क्षमता अभिवृद्धि गर्नका लागि आवश्यकता अनुसारको कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४२. वाल विकास केन्द्रको सिकाई उपलब्धीलाई प्रभावकारी र गुणस्तरीय वनाउनका लागि सहयोगी कार्यकर्तालाई प्रोत्साहन गर्ने व्यवस्था मिलाईने र वाल विकास केन्द्रमा विद्यार्थीको निरन्तरताका लागि खाजा स्वरुप जाउलो खुवाउने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

४३. २०७६ साल चैत्र मसान्तसम्म बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक पर्ने कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ । त्यस्का लागि सामुदायिक तथा निजी विद्यालयहरु पनि क्रमश वालमैत्री तथा सुचना प्रविधिमैत्री बनाउने व्यवस्था मिलाइने छ ।

४४. विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धीलाई वृद्धि गर्न र शैक्षिक उपलब्धीलाई मूल्यांकन प्रणालीलाई विश्वासनिय बनाउने कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४५. नेपाल सरकारबाट संचालन भएका स्वास्थ्य सम्बन्धी कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि गर्भवती महिलाको पोषण अवस्थामा सुधार गरी स्वास्थ्य संस्थामा सुत्केरी गराउनका लागि प्रोत्साहन गरिनेछ । विगत आर्थिक वर्ष देखि संचालनमा रहेका अण्डा वितरण, महिला स्वंयसेविकाहरु र आमा समूहको वैठकलाई निरन्तरता दिनका लागि संचालनमा रहेका कार्यक्रमहरुलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

४६. नगरक्षेत्र भित्र पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिनका लागि गर्नु पर्ने कार्यहरु निरन्तर रुपमा संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४७. ज्येष्ठ नागरिक, अपाङ्ग, असहाय र गर्भवती महिलाहरुलाई घर-दैलोमा सेवा दिने कार्यलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।

४८. नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवालाई गुणस्तरिय बनाउन आवश्यक पर्ने वाईफाईको जडान, कम्प्युटर र फर्निचर लगायतका न्युनतम आवश्यक सामाग्रीहरु उपलब्ध गराई गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ।

४९. नेपाल सरकारद्धारा निःशुल्क रुपमा उपलब्ध गराईएका औषधीहरुको उपलब्धतालाई सुनिश्चितता गर्दै मधुमेहसंग सम्बन्धित औषधीहरु निःशुल्क उपलब्ध गराउनका लागि मधुमेह जाँच गर्ने गुल्को मिटर प्रत्येक स्वास्थ्य संस्थामा उपलब्ध गराई सो संग सम्बन्धित औषधी र गर्भवती महिलाहरुलाई क्यलसियम चक्की नगरपालिकाको तर्फबाट निःशुल्क रुपमा वितरण गर्ने व्यवस्था मिलाइने छ ।

५०. नगरपालिका भित्र ५० शैयाको अस्पताल निर्माण कार्य प्रारम्भ गर्न आवश्यक पर्ने जग्गाको व्यवस्थापन गरी संघीय तथा प्रदेश सरकारको सहकार्यमा प्रक्रिया अगाडी बढाइने छ ।

५१. नगरपालिका क्षेत्रमा रहेका ५ वर्ष उमेर पुरा भएका बालबालिकाहरुलाई जुकाको औषधी नियमित रुपमा खुवाउने कार्यलाई निरन्तरता दिइनेछ ।

५२. नगरपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि नमुना विज्ञान तथा शैक्षिक सामाग्री प्रयोगशाला निर्माणका लागि नगरपालिका र सामुदायिक तथा संस्थागत विद्यालयको सह लगानीमा नमुना प्रयोगशाला निमार्ण गर्ने कार्य अगाडी बढाइनेछ ।

५३. सामुदायिक विद्यालयमा खानेपानी तथा कम्पाउण्ड वाल निर्माण लगायतका पूर्वाधार विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

५४. नगरक्षेत्र भित्र रहेका विभिन्न भाषाभाषि रीतिरिवाज धर्म संस्कृतिहरुको अध्ययन/अनुसन्धान, संरक्षण, विकास र त्यसको जर्गेना गर्ने कार्यलाई विशेष जोड दिइनेछ ।

५५. समय समयमा विभिन्न संघ संस्था वा विषेशज्ञको परामर्शमा आवश्यकता अनुसार नगरपालिका क्षेत्रमा निःशुल्क स्वास्थ्य शिविर संचालन गर्ने व्यवस्था मिलाइने छ ।

५६. स्वास्थ्य चौकी स्थापनार्थ जग्गाको व्यवस्थापन गरी संघीय तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिने छ ।

५७. बालबालिका तथा युवाहरुको शाररिक तथा मानसिक विकासका लागि विद्यालय तथा वडास्तरमा खेलमैदानको सम्भावनाका आधारमा खेलकुद प्रतियागिता संचालन गरि विद्यालय तथा युवाहरुलाई खेलकुदप्रति उत्प्रेरित गराउने व्यवस्था मिलाइने छ ।

५८. नगरपालिका क्षेत्र भित्र रहेका एतिहासिक,धार्मिक, सास्कृतिक तथा पर्यटकिय स्थल, मठ, मन्दिर मस्जिदहरुको संरक्षण र विकास गर्ने व्यवस्था मिलाइने छ ।

५९. नेपाल सरकारद्धारा गरिब घरपरिवार सर्वेक्षणका आधारमा पहिचान भएका गरिबको परिचय पत्र प्राप्त गरेका नागरिक र अपाङ्गताको परिचय पत्र प्राप्त गरेका सम्पूर्ण अपाङ्गहरुलाई

नगरपालिकाबाट दिने सबै किसिममा सेवा तथा सुविधाहरु निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

६०. नगरपालिका भित्र रहेका ज्येष्ठ नागरिकहरुलाई परिचय पत्र उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

६१. **ज्येष्ठ नागरिकसंग मेयर** कार्यक्रम अन्तरगत प्रत्येक वडामा क्रमश ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, चौतारी निर्माण र पार्क निर्माण गर्ने व्यवस्था मिलाइने छ ।

६२. **गरिव सँग मेयर** कार्यक्रम अन्तरगत नगर क्षेत्र भित्र रहेका विपन्न वर्ग तथा समुहको आवश्यक सीप तथा क्षमता विकासको लागि सचेतना कार्यक्रम सन्चालन गरिने छ ।

६३. नगर क्षेत्रमा रहेका सामुदायिक अस्पतालको प्रभावकारी व्यवस्थापन गरि गुणस्तरीय सेवा उपलव्ध गराउनको लागि त्यस्ता संस्थाहरुसँग सम्भाव्यताका आधारमा सहकार्य गरि स्त्तरोन्नती गर्दै वडा नं. १ मा रहेको कालिका सामुदायिक अस्पताललाई नगरपालिकाको स्वामित्वमा ल्याई शिक्षण अस्पतालका रुपमा अगाडी बढाउन संघीय तथा प्रदेश सरकारसँग सहाकार्य गरिनेछ ।

६४. नगरक्षेत्रमा अल्पसंख्यक समुदायहरुको भाषा संरक्षण गरि त्यस्ता भाषाहरुको जगेर्ना गर्ने व्यवस्था मिलाइनेछ ।

६५. नगरपालिका भित्र विकास निर्माण कार्य गर्न बाहिरबाट आउने दक्ष जनशक्तिलाई रोक्न स्थानीयस्तरमा दक्ष जनशक्ति तयार गरिनेछ ।

## ग. आर्थिक विकासः

६६. नगरपालिकाको मुख्य पेशाका रुपमा कृषि तथा पशुपालन व्यवसायलाई क्रमश व्यवसायिककरण गर्दै लाने व्यवस्था मिलाइने छ ।

६७. कृषि तथा पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि कृषि तथा पशुपालन व्यवसाय पकेट एरिया तोकि (क्षेत्र) **एक गाँउ एक उत्पादन**को अवधारणलाई सम्भावनाको आधारमा क्रमश शुरुवात गर्ने व्यवस्था मिलाइने छ ।

६८. कृषिमा आधारित नमुना उत्पादन केन्द्र स्थापना गरी उत्पादन वृद्धि गर्न पशुपालन, तरकारी उत्पादन, माछापालन, अन्नवाली र नगदेवाली उत्पादनहरुलाई प्राथमिकता दिई व्यवसायीक रुपमा अगाडी वढाईने छ ।

६९. प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना, मुख्यमन्त्री नमूना वातावरणमैत्री कृषि आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सहयोग र सहकार्य गर्ने व्यवस्था मिलाईनेछ ।

७०. गत आर्थिक वर्षदेखि शुरु गरिएको **एक घर एक करेशावारी, एक गाउँ एक नर्सरी** र **एक गाँउ एक उत्पादन** कार्यक्रमलाई निरन्तरता दिंदै त्यस्तो कार्यक्रम शुरु गर्ने कृषक तथा

नागरीकहरुलाई आवश्यकता अनुसार मल, विउ तथा कृषिजन्य आधुनिक उपकरणहरु ५०% अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

७१. नगर क्षेत्र भित्र सुन्तला, कागती, निबुवा, कुरीलो, कफि र अलैंची खेतीको प्रचुर सम्भावना भएका क्षेत्रहरुको थप अध्ययन गरी त्यस्ता स्थानमा सुन्तला, कागती, निबुवा, कुरीलो, कफी र अलैंची खेती गर्ने कार्यलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार पचास प्रतिशत अनुदानमा वेर्ना वितरण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

७२. नगरक्षेत्र भित्र रहेका कृषि तथा पशुपालक कृषकहरुलाई मागका आधारमा आवश्यक पर्ने सीप तथा क्षमता विकास गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाउने व्यवस्था मिलाइने
छ ।

७३. कृषिको व्यवसायिकरण र आधुनिकिरण गरी नगरपालिका क्षेत्र भित्र कृषि तथा पशुपालना व्यवसायको नमुना फर्म स्थापना गर्ने कार्यको सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडी वढाईने छ।

७४. नगरपालिका र वित्तिय/सहकारी संस्थाहरुको साझेदारीमा कृषि उत्पादन तथा पशु पालनका क्षेत्रहरुमा सहलगानीको लागि आवश्यक कार्यक्रमहरु संचालन गरिने छ ।

७५. नगरपालिकालाई दुध, मासु, अण्डा र महमा आत्मनिर्भर बनाउनका लागि बाख्रापालन व्यवसाय, मौरीपालन व्यवसाय, भैसि तथा गाई पालन व्यवसाय, कुखुरा पालन व्यवसाय र बंगुरपालन व्यवसायको शुरुवात गर्ने कृषक तथा युवाहरुलाई प्रोत्साहान गर्नका लागि उन्नतजातका बिउ तथा चल्ला र बोकाको वितरण र खोर निर्माण गर्ने र कृषि तथा पशुको विमा गर्ने कार्यका लागि अनुदान उपलब्ध गराउने तथा भीरकोट गौशालामा रहेका गाईवस्तुहरुको व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

७६. कृषि तथा पशुपालन व्यवसायमा संलग्न किसान तथा व्यवसायीहरुलाई मल, बिउ, कृषि औजार लगायतका सामाग्रीहरु उपलब्ध गराउन कार्यविधि निर्माण गरी कार्यविधिमा तोकिएको विधि र प्रक्रियाको आधारमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

७७. नगरपालिका क्षेत्रमा बसोबास गर्ने नगरबासीहरुमा मौरीपालन व्यवसाय प्रति आर्कषण देखिएकोले मौरीपालन व्यवसाय सम्बन्धी तालिमको संचालन र ५० प्रतिशत अनुदानमा मौरीघार वितरण गर्ने कार्यलाई निरन्तरता दिंदै मह प्रशोधन केन्द्रको स्थापना गर्ने व्यवस्था मिलाइने छ ।

७८. नगरक्षेत्रभित्र उत्पादन हुने कृषिजन्य वस्तुहरुको खरिद तथा विक्रि वितरणको सहजताको लागि बजार क्षेत्रमा हाटबजार निर्माण गर्ने कार्यलाई प्राथमिकतासाथ अगाडी बढाउने व्यवस्था मिलाइने छ।

७९. कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन र आधुनिकीकरणका लागि अनुदान/सहयोगको रकम उपलब्ध गराउने कार्य अगाडि वढाईनेछ । यसरी कृषि तथा पशुपालन व्यवसायलाई अनुदान उपलब्ध गराउदा कार्यविधी तर्जुमा गरि सोही अनुसार गराउने नीति लिइने छ।

८०. कृषि तथा पशुपालन व्यवसायलाई अगाडी बढाउनका लागि विज्ञहरुको सहभागितामा छलफल गरी दीर्घकालिन कृषि सम्बन्धी नीति तथा योजना निर्माण गरी लागू गर्ने व्यवस्था मिलाइने छ।

८१. कृषि तथा पशुपालन व्यवसाय, महिला, दलित, अपाङ्ग, असहाय तथा जेष्ठ नागरिकहरुका विषयमा उल्लेखनिय कार्य गर्ने वित्तिय तथा सहकारी संस्थाहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

८२. नगरपालिकाको केघा भज्याङ्ग, ओकादी र खिलुङ्ग लगायतका स्थानहरुमा घरवास पर्यटन विकासका कार्यक्रम संचालनका लागि संघीय तथा प्रदेश सरकारको सहकार्य र सहलगानीमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

८३. धार्मिक तथा पर्यटन विकासका संभावना रहेका छाङ्गछाङ्गदी, स्वरेक मैदान, गडहरे गुफा, मुल्का बराहा, कोखेको झरना, देउपुजे ढुंगा, नारायणगिरी वावा मन्दिर, खिलुङ्ग कालिका, ओकादी लगायतका पर्यटकीय स्थलहरुको प्रवर्द्धन र विकासको लागि आवश्यक व्यवस्था मिलाईने छ ।

८४. नगर क्षेत्र भित्र रहेका खेतियोग्य जमिनमा सिचाईको सुविधा उपलब्ध गराउने कार्यलाई प्राथमिकता दिईनेछ ।

८५. नगरपालिका क्षेत्रमा पर्यटन प्रर्वद्धनका गर्नका लागि पर्यटनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिता संचालनका लागि आवश्यक सहयोग र समन्वय गरिनेछ।

८६. नगर क्षेत्र भित्र पहिचान भएका र विकासको सम्भावना रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकिय स्थलहरुको विकास र संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ।

८७. साहसिक पर्यटकिय खेलको पहिचान र पर्यटकिय पदमार्ग स्थलहरुमा पूर्वाधार निमार्ण गर्न संघीय र प्रदेश सरकारसँगको सहकार्य र सहलगानीलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

८८. आँधिखोलामा सिजनलरुपमा जलयात्रा संचालन गर्ने कार्यका लागि सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक परामर्श गरी सहकार्यको रुपमा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइने छ ।

८९. नगरपालिकामा रहेका वेरोजगार युवायुवतीहरुलाई कृषि तथा पशुपालन व्यवसाय तर्फ प्रोत्साहन गर्नका लागि लघु उद्यम विकास रणनीति योजनामा उल्लेखित कार्यक्रमहरुलाई प्राथमिकता साथ अगाडी बढाउने व्यवस्था मिलाइने छ ।

९०. नगरपालिकाबाट विभिन्न विषयमा तालिम लिएका व्यक्तिहरुलाई सम्बन्धित विषयको ज्ञान र शिपको आधारमा व्यवसायिक उद्यमतर्फ लाग्नका लागि प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

९१. नगर क्षेत्रभित्र साना तथा लघु उद्यमी तयार गर्नका लागि सम्बन्धित निकायमा उद्योग दर्ता गरि प्रस्ताव सहित आउने उद्यमी वा उद्यमी समूहहरुलाई आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने कार्यको प्रारम्भ गरिने छ।

९२. नगरपालिका क्षेत्रमा रहेका उद्योग व्यवसायहरुको प्रवर्द्धनका लागि आवश्यक सहयोग र समन्वय गर्ने व्यवस्था मिलाईने छ ।

९३. संघीय सरकार तथा प्रदेश सरकारको 'एक पालिका, एक उद्योग ग्राम स्थापना गर्ने नीति अनुसार उद्योग ग्राम स्थापनाको लागि आवश्यक पर्ने जग्गा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

९४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत नगरपालिकाक्षेत्रमा रहेका वेरोजगार युवा युवतिहरुलाई रोजगार सृजना हुने खालका श्रम मुलक आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

९५. संघीय सरकारको १०० वटा पर्यटकिय गन्तव्य स्थलमा सूचीकृत भएको स्वरेक मैदानमा डि.पि.आर. अनुसारको पूर्वाधार निर्माण कार्य अगाडी बढाउनका लागि संघीय तथा प्रदेश सरकारसंग सहकार्य र सहलगानी गर्ने व्यवस्था मिलाइने छ ।

९६. पुरातात्विक र ऐतिहासिक महत्वको भीरकोट दरबारलाई नगरपालिकाको स्वामित्वमा ल्याई जिर्णोद्धार तथा पुनःनिर्माण गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

## घ. वातावरण तथा विपद् व्यवस्थापनः

९७. नगरपालिकाक्षेत्र भित्र पूर्वाधार निर्माण गर्दा बातावरण संरक्षण र दिगो विकासलाई ध्यानमा राखि वातावरणमैत्री कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाउने व्यवस्था मिलाइने छ।

९८. नगरपालिका क्षेत्र भित्र प्राकृतिक तथा मानवीय कारणले हुन सक्ने प्राकृतिक प्रकोपका कारण हुने क्षतीलाई न्युनिकरण गर्न आवश्यक पर्ने स्रोत, साधन र जनशक्तीको व्यवस्था गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

९९. नगरपालिका क्षेत्र भित्र पर्ने आँधिखोला आसपासका उर्वर खेतीयोग्य जमिनहरुको संरक्षण गर्न आँधिखोला नियन्त्रणका लागि गुरुयोजना तयार गर्ने कार्यलाई आगामी आर्थिक वर्ष भित्र सम्पन्न गर्ने व्यवस्था मिलाइने छ । आँधिखोला नियन्त्रणका लागि डि.पि.आर.तयार

भए पश्चात संघीय तथा प्रदेश सरकारसँगको सहकार्य र सहलगानीमा आँधिखोलालाई नियन्त्रण गर्ने उचित व्यवस्था मिलाइने छ ।

१००. सुन्दरचौर वनस्पती सूचना केन्द्रलाई पर्यापर्यटनको रुपमा विकास गर्न संघीय सरकार, वनस्पती विभाग, प्रदेश सरकार र डिभिजन वन कार्यालय, स्याङ्गजाको सहकार्यमा पूर्वाधार निर्माण र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइने छ ।

१०१. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तालतलैया, पोखरी र चौतारीहरुको मर्मत संभार, जिर्णोद्धार र संरक्षण गरिने छ । पुरात्तात्विक तथा ऐतिहासिक महत्वका रुपमा रहेका पोखरी तथा ताल-तलैयाहरुको आवश्यकता अनुसार नयाँ निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईने छ।

१०२. नगरक्षेत्रभित्र आयोजनाहरुको कार्यान्वयन गर्दा वातावरणीय असरलाई न्यूनिकरण गर्ने उपायहरुको अबलम्बन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

## ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः-

१०३. नेपालको संविधान, २०७२ को अनुसूची-८ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरुमा आवश्यक पर्ने ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

१०४. विगत आर्थिक वर्षमा तर्जुमा भएका ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधीहरुको आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्ने र यसको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१०५. न्यायीक समितिका पदाधिकारीहरुलाई आवश्यकता अनुसार क्षमता विकास गर्ने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

१०६. नगरपालिका र अन्तरगतका वडा कार्यालयमा कार्यरत कर्मचारीहरु मध्येबाट १ जनालाई सर्वोकृष्ट र ५ जनालाई उत्कृष्ट कर्मचारी घोषणा गरी सम्मान र पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ र अत्याधिक कार्यवोझ भएका कर्मचारीहरुलाई नगरपालिकाको क्षमताको आधारमा प्रोत्साहन गर्ने व्यवस्था मिलाईने छ।

१०७. नगरस्तरीय आयोजना प्रभावकारी रुपमा कार्यान्वयनका लागि निर्वाचित पदाधिकारी, कर्मचारी र उपभोक्ता समितिमा रहेका पदाधिकारीहरुलाई कार्यक्रम कार्यान्वयन र अनुगमनसँग सम्बन्धित विपयमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

१०८. नगरपालिका तथा वडास्तरबाट सम्पादन भएका विकास निर्माण र सेवा प्रवाह सम्बन्धी कार्यहरुको सार्वजिनक सुनुवाई, सामाजिक परीक्षण जस्ता सेवाग्राहीहरु प्रति उत्तरदायी हुने कार्यक्रमहरुको प्रभावकारी संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१०९. नगरपालिकाको लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि सुत्रमा आधारित SOFTWARE को प्रयोगलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

११०. नगरपालिकाद्वारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका कोषहरु स्थापना गरी आवश्यकता र आर्थिक श्रोतको आधारमा रकम जम्मा गर्ने व्यवस्था मिलाईने छ।

१११. नगरपालिका र वडा कार्यालयहरुबाट दैनिक रुपमा लिईने सेवा शुल्क, कर तथा दस्तुरलाई अनुगमन गर्न मिल्ने गरी नेटवर्किङ्ग(Networking)को व्यवस्था मिलाईने छ ।

११२. नगरपालिकामा रहेका विषयगत शाखा मातहातका कार्यालयहरुको प्रभावकारी संचालनका लागि न्यूनतम रुपमा आवश्यक पर्ने कम्प्यूटर लगायतका कार्यालय सामान उपलब्ध गराई त्यस्ता कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधालाई गुणस्तरिय, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाउने व्यवस्था मिलाईनेछ ।

११३. नगरपालिकाको बजार क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन बजार क्षेत्रमा सि.सि.टिभी जडान गर्ने व्यवस्था मिलाइनेछ

११४. नगरपालिकाबाट तोकिए बमोजिमका सेवा शुल्क, कर तथा दस्तुरहरु सहज, सरल र नियमित रुपमा बुझाउने करदातालाई प्रोत्साहन गरिने छ ।

११५. नगरपालिका अन्तरगतका वडाहरुको स्रोत नक्शा तयार गर्ने कार्य अगाडी वढाईने छ ।

११६. नगरपालिका भित्र भवन तथा सडक निर्माण गर्दा शहरी विकास तथा भवन निर्माण मापदण्ड र स्थानीय सरकार संचालन ऐन,२०७४ मा भएको भवन निर्माण सम्बन्धी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।

११७. नगरपालिकामा कार्यरत स्थानीय तह तर्फका स्थायी कर्मचारीहरुको योगदानमा आधारित अवकाश कोषमा रकम जम्मा गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

११८. नगर सभाबाट स्वीकृत विभिन्न सेवा तथा सुविधामा तोकिए बमोजिमका सेवा शुल्क, कर र दस्तुर उठाउने कार्यलाई कडाईका साथ अगाडी वढाईने छ ।

११९. नगरपालिकाका विषयमा कलम चलाउने र यसका गतिविधिलाई नियमित रुपमा पाठकहरु समक्ष पुऱ्याउने कार्यमा योगदान गर्ने लेखक, पत्रकार, संचारकर्मी तथा मिडियासँग आवश्यकता अनुसार सहकार्य गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

१२०. नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता भएका उद्योग, व्यवसाय, क्लब, संघ संस्था, वित्तिय तथा सहकारी संस्थाहरु समेतको विवरणहरु अद्यावधिक गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।

१२१. नगरपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा सुविधा, त्यस्तो सेवा सुविधामा लाग्ने सेवा शुल्क, जिम्मेवार पदाधिकारी र सेवा लिनका लागि आवश्यक पर्ने कागजात तथा समय समेत उल्लेख भएको विवरण तयार गरी प्रकाशन गर्न विद्युतिय डिजिटल सूचना पाटी नगरपालिका र वडा कार्यालयहरुमा क्रमश राख्ने व्यवस्था मिलाईने छ ।

१२२. वडा कार्यालयहरुबाट प्रदान गरिने सेवा सुविधालाई सुरक्षित, प्रविधिमैत्री तथा अनुगमन योग्य बनाउनका लागि आफ्नो भवन भएका वडा कार्यालयहरुमा सि.सि.टि.भि. जडान गर्ने कार्यलाई क्रमशः अगाडी वढाईनेछ ।

१२३. नगरपालिका र वडा कार्यालयबाट संचालन हुने योजनाहरुको अनुगमन र निरीक्षण कार्यमा सम्बन्धित वडाका निर्वाचित वडा सदस्यहरुलाई जिम्मेवार बनाउने विधि र प्रक्रियाको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

१२४. नगरपालिकाको समग्र विकासका लागि आवश्यक पर्ने जनशक्तीको पहिचान गरी दक्षता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गरिने छ ।

१२५. नगरपालिकाको शान्ती सूरक्षा व्यवस्थालाई भरपर्दो वनाउनका लागि इलाका प्रहरी कार्यालय स्थापनार्थ जग्गा खोजी गर्ने कार्यलाई प्राथमिकता दिईने छ र दुर्गम स्थानमा रहेका वडाहरुमा प्रहरी चौकी स्थापना गर्न आवश्यक पहल गरिने छ ।

१२६. नगरक्षेत्रमा विगतदेखि प्रचलनमा रहेको करका दर र दायरालाई आवश्यकता अनुसार परिमार्जन गर्ने व्यवस्था मिलाईने छ र नगरक्षेत्र भित्र मापदण्ड विपरित विगतमा वनेका संरचनाहरुलाई करको दायरामा ल्याउने व्यवस्था मिलाईने छ ।

१२७. नगर भित्रका सम्पूर्ण घरहरुमा घर नंम्बर राख्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाईने छ।

**अन्त्यमाः-**

प्रस्तुत नीति तथा कार्यक्रमले नगरपालिकाको समग्र विकास र समृद्धिमा सहयोग पुग्ने कुरामा विश्वस्त हुँदै नगरपालिकाक्षेत्र भित्र वसोवास गर्ने विभिन्न तह र तप्काका नागरीकहरुको सकारात्मक र रचनात्मक सहयोगको अपेक्षा गरेको छु । नगरपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहमा आवश्यक सल्लाह सुझाब प्रदान गर्नुहुने संघीय तथा प्रदेश सरकारका माननीय सांसदहरु, निर्वाचित पदाधिकारीहरु राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, संचारकर्मी तथा सबै नगरवासी एवम् नीति तथा कार्यक्रम तयार पार्न सहयोग गर्नुहुने कर्मचारी मित्रहरुलाई धन्यवाद व्यक्त गर्दछु । नीति तथा कार्यक्रमको

प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध पक्षसँग सकारात्मक तथा रचनात्मक सहयोगको अपेक्षा सहित आवश्यक राय,सल्लाह र सुझाब प्रदान गर्नुहुने सम्पूर्ण महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

## २.२ बजेट तथा कार्यक्रमः

२०७६ साल असार १२ गते भीरकोट नगरपालिकाको चौथो नगर सभाबाट स्वीकृत नीति तथा कार्यक्रमहरुमा उल्लेख भएका विषयहरुलाई प्राथमिकताको आधारमा सबै वडा, वर्ग र क्षेत्रलाई सम्बोधन हुने गरी पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वातावरण तथा विपद व्यवस्थापन, सेवा प्रवाह र सुशासनका क्षेत्रमा आगामी २ वर्ष भित्र नगरवासीहरुले परिवर्तनको अनुभूति गर्ने गरी आ.व. ०७६/७७ को बजेट, योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने प्रतिवद्धता व्यक्त गर्दै उक्त कार्यमा सम्पूर्ण नगर सभा सदस्यज्यूहरुको सहयोग र सहकार्यको लागि अनुरोध गर्दछु ।

१. मुलुकमा संघीय गणतन्त्रको स्थापना पश्चात जारी भएको नेपालको संविधान बमोजिम भीरकोट नगरपालिकाको चौथो नगर सभामा आर्थिक वर्ष २०७६/०७७ को बजेट प्रस्तुत गर्दा हामीलाई गौरवको महशुस भएको छ ।

२. यस महत्वपूर्ण अवसरमा मुलुकको राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता तथा सामाजिक न्याय र प्रजातन्त्र/गणतन्त्र स्थापनाका लागि जिवन उत्सर्ग गर्नुहुने महान शहिद तथा ति आन्दोलनको नेतृत्व गर्ने राजनैतिक दलका दिवंगत नेताहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै स्मरण गर्न चाहन्छौं ।

३. आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रम नेपालको संविधानमा उल्लेखित राज्यका नीति तथा सिद्धान्त, संघीय/प्रदेश सरकारको नीति तथा कार्यक्रम र भीरकोट नगर सभाले स्वीकृत गरेको नीति तथा कार्यक्रमलाई भीरकोट नगरबासीको राय, सल्लाह तथा सुझावलाई मध्ये नजर राखी तयार गर्ने व्यवस्था मिलाईएको छ ।

४. यो बजेट तयार गर्दा स्थानीय तहको अधिकार सूची भित्र रहेका विषयलाई संबोधन हुने गरी संघीय तथा प्रदेश सरकारबाट प्राप्त सीमित स्रोत तथा साधनलाई मध्ये नजर राखी सोही अनुरुप बजेट र कार्यक्रम तयार गरी प्रस्तुत गरिएको छ ।

५. यस बजेटको उद्देश्य र प्राथमिकताको कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यकता अनुसारको समन्वय र सहकार्य गरी उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्ने व्यवस्था मिलाईने छ ।

६. नगरपालिका तथा वडा कार्यालयबाट सिफारिश हुने आयोजनाका सम्बन्धमा विविध योजना र एकमुष्ट आयोजनामा रकम विनियोजन नगर्ने व्यवस्था मिलाईएको छ ।

७. नेपालको संविधानको अनुसूची ८ बमोजिम नगरपालिकाको अधिकार क्षेत्र भित्रका कार्यहरुको कार्यान्वयनका साथै संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई समेत प्रभावकारी रुपमा कार्यान्वयन गरी, उपलब्ध स्रोत साधनको आधारमा नगरपालिकाको विकास, समृद्धि र सुशासनका लागि परिचालन गर्न यस बजेटका निम्नानुसारका उद्देश्यहरु रहेका छन् ।

**i.**आर्थिक, सामाजिक क्षेत्रको पूर्वाधार निर्माण गरी भीरकोटको समृद्धिको खाका तयार गर्ने ।

**ii.**उपलब्ध स्रोत तथा साधनको मितव्यायी र न्यायोचित वितरण गरी सन्तुलित विकास गर्ने ।

**iii.**भीरकोटवासी नागरिकका आधारभुत आवश्यकता परिपुर्ति गर्ने

**iv.**नगर क्षेत्र भित्र रहेका पूर्वाधारहरुलाई रोजगारीको अवसर सहित उद्यमशिल बनाउने ।

८. प्रस्तुत उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमका नीतिगत कार्य र प्राथमिकताहरु तय गर्ने व्यवस्था मिलाईएको छ ।

❖ नगरवासीहरुको जिविकोपार्जनका लागि मुख्य पेशाका रुपमा रहेको कृषि तथा पशुपालनको विकास गर्न,
❖ नगरपालिका क्षेत्रमा उत्पादन हुने फोहोरलाई व्यवस्थित गर्दै पूर्ण सरसफाई नगरपालिकाको निर्माण गर्ने,
❖ स्वास्थ्य तथा गुणस्तरीय जनशक्ति तयार गरी रोजगारीको सृजना गर्ने,
❖ आर्थिक, सामाजिक, पर्यटन क्षेत्र लगायतका क्षेत्रको पूर्वाधार विकास गर्ने ।

९. अव, म आर्थिक वर्ष ०७६/०७७ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## पुर्वाधार विकासः

१०. नगरपालिकाको भवन निर्माण कार्य सम्पन्न गर्न यस आर्थिक वर्षमा रु २ करोड विनियोजन गर्ने व्यवस्था मिलाईएको छ र कार्यालय प्रयोजनको लागि थप जग्गाको व्यवस्थापन गर्न रु ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाइएको छ ।

११. वडा कार्यालय निर्माणका लागि जग्गा नभएका वडामा जग्गा व्यवस्थापन गर्न रु ५ लाख र अन्य स्वास्थ्य संस्थाहरुको जग्गा व्यवस्थापन गर्न रु. ७ लाख, वडा नं. ३ र वडा नं. ७ को कम्पाउन्डवाल निर्माणका लागि प्रति वडा २ लाखका दरले जम्मा रु ४ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

१२. बस्ती तथा वडास्तरबाट प्राथमिकता दिई आएका योजनाहरुलाई छनौट गरी कार्यान्वयन गर्नका लागि प्रत्येक वडा कार्यालयहरुलाई रु २५ लाखका दरले रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । योजनाहरुको विस्तृत विवरण अनुसूची १ मा समावेश गरिएको छ।

१३. बयरघारी बजार क्षेत्रको सिसौघारीमा सवारी साधनको आवतजावतलाई सुरक्षित र पार्किङ्ग व्यवस्थालाई व्यवस्थित गर्नका लागि निर्माण गरिएको बसपार्कलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक पर्ने रकम रु २ लाख विनियोजन गरी उक्त क्षेत्रभित्र बाँकी रहेको जग्गाको बैकल्पीक रुपमा उपयोग गर्ने व्यवस्था मिलाईएको छ ।

१४. बयरघारी बजार लगायतका मुख्य बजारक्षेत्रहरुको पूर्वाधार विकास गर्दा अनिवार्य रुपमा सम्बन्धित उपभोक्ता समितिहरुको ३०% नगद लागत सहभागिताका आधारमा आवश्यकता अनुसार कार्यक्रम तर्जुम गरी कार्यान्वयन गर्न नगर क्षेत्र पूर्वाधार शिर्षकमा एकमुष्ट रु ३३ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । नगर क्षेत्र पूर्वाधार शिर्षक अन्तर्गतका आयोजनाहरुको छनौट नगर कार्यपालिकाको निर्णयानुसार हुने व्यवस्था गरिएको छ ।

१५. नगर क्षेत्रमा उत्पादित फोहोरमैलाको व्यवस्थापन गर्ने कार्यलाई दिगो र प्रभावकारी रुपमा अगाडि बढाउन फोहोरमैला संकलन कार्यलाई सवै वडामा विस्तार गर्न र फोहोर मैला व्यवस्थापन केन्द्रसम्म जाने पहुँच मार्गको निर्माण, मर्मत तथा स्तरोन्नती तथा पार्क निर्माण र DPR अनुसारको फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण तथा व्यवस्थापन का लागि रु २५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ। यसलाई व्यवस्थित फोहोरमैला प्रशोधन केन्द्रका रुपमा विकास गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

१६. प्राकृतिक प्रकोपका कारण वस्ती तथा खेतीयोग्य जमिनको क्षति हुने क्रम बढ्दै गएको अव्यवस्थित सडक निर्माणका कारण वर्षेनी लाखौं रुपैया मर्मत संभारमा खर्च हुदै आएको भएतापनि प्रतिफल न्यून देखिएको हुँदा आगामी आर्थिक वर्षमा नयाँ खोलिएका सडकहरुको मर्मत संभार, स्तरोन्नति र ग्रेड मिलान गर्नका लागि आवश्यक साधनको व्यवस्था गरी सडको मर्मत संभार, स्तरोन्नति र ग्रेड मिलान नगरपालिकाबाटै हुने व्यवस्था मिलाईएको छ । यसका लागि नगर कार्यपालिकाबाट कार्यविधि वनाई लागु गर्ने व्यवस्था मिलाईएको छ ।

१७. नगरपालिका क्षेत्रभित्र वर्गिकरण गरिएका सडकहरु मध्ये प्रत्येक वडा अन्तरगत रहेका महत्वपूर्ण सडकहरु मध्येबाट **एक वडा एक रणनीतिक सडक** छनौट गरी यसको मर्मत संभार, स्तरोन्नति र ग्रेड मिलान गर्ने कार्यलाई प्राथमिकता साथ अगाडी बढाईनेछ ।

१८. नगरपालिका क्षेत्रभित्र रहेको खानेपानी समस्याको समाधान गरी नगरबासीहरुलाई शुद्ध पिउनेपानी उपलब्ध गराउन खानेपानीको मर्मत सम्भार र खानेपानीका स्रोतहरुको संरक्षणका लागि आवश्यक रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

१९. व्यवस्थित र बैज्ञानिक रुपमा बजार विस्तार गर्न नगरपालिका भित्र संघीय तथा प्रादेशिक कानूनद्धारा मापदण्ड तोकिएका सडक बाहेक अन्य सडकहरुको विवरण तयार गरी त्यस्ता सडकहरुको सडक क्षेत्राधिकार तोक्ने व्यवस्था मिलाईएको छ ।

२०. नगरपालिका क्षेत्र भित्र सामुदायिक सार्वजनिक र निजीस्तरबाट निर्माण हुने घर तथा संरचनाहरुको निर्माण गर्दा पालना गर्नु पर्ने मापदण्डलाई प्रभावकारी रुपमा लागू गरिनेछ। यसका लागि नगरपालिकाको अनुमति विना मापदण्ड विपरित निर्माण हुने घरहरुको सम्बन्धित वडाका वडा अध्यक्षहरुबाट सिफारिश भई आएमा छानविन गरि प्रचलित कानून बमोजिम कारवाही गर्ने व्यवस्था मिलाईएको छ ।

२१. वडा नंम्बर १, वयरघारीमा निर्माणाधिन सार्वजनिक शौचालय निर्माण कार्य सम्पन्न गर्न रु. १५ लाख, वडा नम्बर १ को निर्माणाधिन वडा कार्यालय भवन निर्माण सम्पन्न गर्न र निर्माणाधिन जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण सम्पन्न गर्न रु ३० लाख तथा वडा नंम्बर ४ को निर्माणाधिन दभुङ्ग कालिका मन्दिरको निर्माण कार्य सम्पन्न गर्न रु ८ लाख, वडा नम्बर ३ को निर्माणाधिन सानो खोल्सा खानेपानी आयोजना निर्माण कार्य सम्पन्न गर्न रु २० लाख र वडा नं. ५, सुन्दरबजारको निर्माणाधिन शिवपार्वति मन्दिर निर्माण कार्य सम्पन्न गर्न रु. १० लाख गरी जम्मा रु ८३ लाख अधुरा आयोजना सम्पन्न गर्नका लागि विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

२२. संघीय तथा प्रदेश सरकारबाट समपुरक तथा विशेष अनुदान अन्तरग संचालन हुने आयोजनाहरुमा सहकार्य सहलगानी गर्नका लागि एकमुष्ट रु १ करोड र प्रदेश सरकारबाट समपुरक आयोजना अन्तरगत स्वीकृत भएका छाङ्गछाङ्गदी छाँया क्षेत्र मन्दिर, वडा नंम्बर ५ को वडा कार्यालय निर्माण र गोदिखोला कल्भर्ट निर्माणका लागि क्रमश रु २० लाख, रु १५ लाख र रु ३५ लाख गरि जम्मा रु १ करोड ७० लाख रकम समपूरक कोषमा विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

२३. उज्यालो भीरकोट अभियान अन्तर्गत नगरपालिकाको बजारक्षेत्र तथा ग्रामिण क्षेत्रको रात्रीकालिन समयको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सडक/सौर्य वत्ति जडान कार्यका लागि शशर्त अनुदानको राष्ट्रिय ग्रामीण तथा नविकरणीय उर्जा कार्यक्रम शिर्षकमा प्राप्त रु १२ लाख ५० हजारबाट कार्य संचालन गर्ने व्यवस्था मिलाईएको छ ।

२४. वयरघारी बजार र आसपासमा रहेका वस्ती योग्य स्थानहरुमा सम्बन्धित क्षेत्रका नगरबासीको सहभागितामा त्यस्ता वस्ती योग्य स्थानमा नयाँ वस्ती विस्तार गर्नका लागि आवश्यक सडक, खानेपानी, विजुली बत्ती, ढल निकास, पार्क लगायतका पूर्वाधार निर्माण गर्न बजार क्षेत्र पूर्वाधार शिर्षकमा विनियोजित रकमबाट खर्च गर्ने व्यवस्था मिलाईएको छ।

२५. नगरपालिका भित्र DPR गर्न बाँकी रहेका सडक, पार्क निर्माणका लागि संभाव्य स्थान, आधिखोलाको तटबन्ध निर्माण र पकान फाँट, सुन्दरचौर वनस्पति सूचना केन्द्र, वयरघारी बजारको खानेपानी व्यवस्थापन , सिमलचौर लुब्दीखोला बलमाटा मझूवा छाङ्छाङ्दी लगायतका उर्वर भूमीमा बाह्रै महिना सिचाई व्यवस्था मिलाउने समेतका पूर्वाधार निर्माण सम्बन्धी कार्य गर्न आवश्यक पर्ने DPR तयार गर्न रु २० लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

२६. आर्थिक वर्ष ०७६/०७७ मा नगरपालिकाबाट कार्यान्वयन हुन नसक्ने आयोजनाहरुको योजना बैंक तयार गरी त्यस्ता आयोजना कार्यान्वयनका लागि प्रदेश तथा संघीय सरकारसँग अनुरोध गर्ने व्यवस्था मिलाईएको छ ।

## सामाजिक विकासः

२७. मेयरसँग जेष्ठ नागरीक कार्यक्रम अन्तरगत एक आपसमा भेटघाट गरी अनुभवहरु साटासाट तथा मनोरञ्जन गर्नका लागि संभावना भएका वडाहरुमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण र जेष्ठ नागरिक सम्मानको लागि रु. १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । साथै मेयरसँग विपन्न कार्यक्रममा रु. १० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

२८. नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न जातजाती तथा भाषाभाषीहरुको मौलिक तथा परम्परागत संस्कृती जात्रा, पर्व, मेलाहरुको सम्वर्द्धन, सरक्षण, विकास तथा शक्ति पिठहरुको मर्मत, संम्भार र परम्परागत रुपमा हुदै आएको पुजापाठको कार्यलाई सहयोग गरी निरन्तरता दिनका लागि रु ८ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

२९. नगरपालिका क्षेत्र भित्र रहेका मदर्शा, मस्जिद संरक्षण, मर्मत सम्भार र संचालनका लागि रु ७ लाख ८० हजार र वडा नं. १ को मदर्शा निर्माणका लागि रु. ५ लाख गरी जम्मा रु १२ लाख ८० हजार रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

३०. नगरपालिका क्षेत्र भित्र रहेका फरक क्षमता भएका नागरिकहरुको जिवन निर्वाहालाई सहज र सरल बनाउनका लागि उनीहरुलाई आवश्यक पर्ने सहायता सामाग्रीहरु माग र

आवश्यकताका आधारमा उपलब्ध गराउनका लागि रु ५ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

३१. नगरपालिका भित्र रहेका दलित, विपन्न वर्गको परम्परागत रुपमा रहेको सिलाई र आरन पेशा प्रर्वद्धन र संरक्षण गरी त्यस्ता पेशालाई निरन्तरता दिनको लागि रु १० लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ र परम्परागत पेशाको निरन्तरताको लागि उपलब्ध गराईने सामाग्रीहरु ५०% अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईएको छ ।

३२. असाहाय, अपाङ्ग तथा सडक बालवालिकाहरुको संरक्षण तथा विकास कार्यका लागि असाहाय बालबालिका तथा अपाङ्ग कोष स्थापना गरी उक्त कोषमा रु ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । कोषमा जम्मा भएको रकम बालबालिकाको संरक्षण तथा विकासमा खर्च गर्ने व्यवस्था मिलाईएको छ ।

३३. समाजमा विद्यमान रहेका कुरिति तथा दुर्व्यसनलाई न्यूनिकरण गर्नका लागि सचेतना लगायतका कार्यक्रम संचालन गर्न रु २ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

३४. नगरपालिकाले विगत देखि संकलन गर्दै आएको फोहोरमैलाको क्षेत्र विस्तार गरी ९ वटै वडाहरुमा पुऱ्याउने व्यवस्था मिलाईएको छ । यसरी फोहोरमैलाको संकलन गर्दा कुहिने र नकुहिने फोहोरो मुल्य कायम गरी फोहोर उत्सर्जन गर्ने व्यक्तिसँग खरिद गर्न निजीक्षेत्रको सहकार्य र सहभागतिमा कार्य संचालन गर्ने व्यवस्था मिलाईएको छ ।

३५. भीरकोट नगरपालिकालाई पूर्ण सरसफाई नगरपालिका बनाउनका लागि विपन्न घर परिवारको पूर्व पहिचान गरी आवश्यकता र मागका आधारमा शौचालय निर्माणका लागि आवश्यक पर्ने न्यूनतम निर्माण सामाग्री उपलब्ध गराउन रु १० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

३६. नेपाल सरकारबाट महिला तथा बालबालिका शिर्षकमा विनियोजित सशर्त अनुदानमा प्राप्त हुने रकमका अतिरिक्त नगरपालिकाको तर्फबाट रु १५ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

३७. शिक्षा तर्फ संघीय सरकार तथा प्रदेश सरकारबाट शैक्षिक तथा भौतिक क्षेत्र सुधारका कार्यक्रमलाई सशर्त अनुदान बापत प्राप्त हुन आएको रकमको अतिरिक्त भीरकोटको शैक्षिक तथा विद्यालयस्तरीय भौतिक विकास, विद्यार्थी भर्ना अभियान, प्रश्नपत्र निर्माणमा गुणस्तरीयता, कायम गर्न र भीरकोट शैक्षिक क्यालेण्डरको प्रकाशन, सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको प्रतिभा प्रस्फुटन गर्ने, कार्य संचालन गर्न र विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालयमा ल्याउन, नगरपालिका र सामुदायिक तथा निजी विद्यालयको

सहकार्यमा नमुना प्रयोगशालाको निर्माण, बाल विकास केन्द्रमा अध्यापनरत बाल विकास सहयोगी कार्यकर्ताहरुको प्रोत्साहन भत्ता, सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको सिप विकास सम्बन्धी तालिम र वाल विकास केन्द्रमा अध्ययनरत विद्यार्थीहरुलाई जाउलो कार्यक्रम र विद्युतीकरण नभएका सामुदायिक विद्यालयमा विद्युत जडान गर्नका लागि रु ४५ लाख थप विनियोजन गर्ने व्यवस्था मिलाईएको छ। बजर क्षेत्रमा वत्तिको व्यवस्था मिलाउन विद्युत प्राधिकरण र वुटवल पावर कम्पनी(BPC) सँग सहकार्य गर्ने व्यवस्था मिलाईने छ ।

३८. दहथुम बहुमुखि क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यको लागि रु २ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

३९. भीरकोट नगरपालिकाको वडा नंम्बर ३ र वडा नम्बर ४ मा निर्माण सम्पन्न भै हस्तान्तरण भई सकेका स्वास्थ्य चौकी र वडा नंम्बर ८ र ९ मा आगामी आर्थिक वर्षमा निर्माण सम्पन्न भई हस्तान्तरण हुने स्वास्थ्य संस्था संचालनका लागि आवश्यक पर्ने फनिसिङ्ग र फनिर्चर लगायतका न्यूनतम कार्यालय समान उपलब्ध गराउनका लागि प्रति स्वास्थ्य चौकी रु १ लाखका दरले रु ४ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

४०. भीरकोट नगरपालिकालाई आगामी २०७६ साल चैत्र मसान्त भित्र बालमैत्री नगरपालिका घोषणा पूर्व तयारीका कार्य र प्रत्येक वडामा बाल उद्यान निर्माण गर्नका लागि लागि रु ४५ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

४१. स्वास्थ्य तर्फ संघीय सरकार तथा प्रदेश सरकारबाट स्वास्थ्य क्षेत्रमा सशर्त अनुदानका रुपमा प्राप्त कार्यक्रमका अतिरिक्त नगरपालिकाको समानीकरण अनुदान मार्फत रकम विनियोजन गर्ने गरी ५ वर्ष माथिका बालबालिकाहरुलाई जुकाको औषधी खुवाउने, गर्भवती महिलाहरुको पोषण स्वास्थ्यमा सुधार ल्याउनका लागि शुरु गरिएको अण्डा वितरणको कार्यक्रमलाई निरन्तरता दिन, स्वास्थ्य स्वंयसेविका र स्वास्थ्य आमा समुहको वैठकलाई निरन्तरता दिन, जेष्ठ तथा विपन्न नागरिकलाई घर/घरमा स्वास्थ्य सेवा दिनका लागी स्वास्थ्यकर्मी र स्वास्थ्य महिला स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्ने, प्रत्येक स्वास्थ्य संस्थामा ग्लुकोमिटर उपलब्ध गराई मधुमेह रोग र गर्भवती महिलाहरुको लागि क्याल्सियम चक्की निशुल्क रुपमा वितरण गर्न थप रु ३० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

४२. संघीय सरकारको नीति तथा कार्यक्रममा उल्लेख भए बमोजिम नगरस्तरमा निर्माण हुने ५० शैयाको अस्पताल निर्माण गर्ने कार्यको शुरु गर्नका लागि आवश्यक जग्गाको व्यवस्थापन र स्वास्थ्य चौकि नभएका वडाहरुमा स्वास्थ्य चौकि निर्माण गर्न आवश्यक पर्ने जग्गाको खरिद तथा व्यवस्थापनका लागि रु ५ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

४३. युवाहरुको शाररिक तथा मानसिक विकासलाई प्रर्वद्धन गर्न राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, मेयरकप भलिवल प्रतियोगिता, अन्य खेलकुद प्रतियोगिता, वडास्तरमा खेलकुद मैदानको निर्माण, खेलकुदका सामाग्रीहरुको वितरण र विद्यालयस्तरमा अतिरिक्त क्रियाकलापको संचालन लगायतका कार्यक्रमका लागि रु १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

४४. भीरकोट नगरपालिका भित्र बाढीपैह्रो तथा आगलागीमा अंगभङ्ग वा मृत्यू हुने परिवारका सदस्य, क्यान्सर, मुटु, प्यारालाइसिस लगायतका गम्भीर प्रकृतीका रोगबाट पीडित नगरबासीलाई नगरपालिकाको तर्फबाट आर्थिक सहयोग उपलब्ध गराउनका लागि रु १० लाख रुपैया विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । यसरी उपलब्ध गराउने आर्थिक सहायताको रकम नगर कार्यपालिकाले पारित गरेको कार्यविधिका आधारमा उपलब्ध हुने व्यवस्था मिलाईएको छ।

४५. जेष्ठ नागरिक, एकल महिला, अपाङ्गहरुलाई सामाजिक सुरक्षा भत्ता र दलित वालवालिकाहरुलाई वाल पोषण भत्ता वापत नियमित रुपमा उपलब्ध गराउदै आएको सामाजिक सुरक्षाको रकमलाई प्रभावकारी रुपमा समयमा नै उपलब्ध गराउने व्यवस्था मिलाईएको छ।

४६. एक स्थानीय तह एक खेल मैदान निर्माणका लागि आवश्यक पर्ने जग्गा लगायतका कार्यको व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको छ । एक स्थानीय तह एक खेल मैदान निर्माणका लागि प्रदेश तथा सघीय सरकारसँग सहकार्य र सहलगानी गर्दा खर्च गर्नुपर्ने बजेट समपुरक आयोजनामा विनियोजित रकमबाट खर्च गर्ने व्यवस्था मिलाईएको छ ।

## आर्थिक विकासः

४७. कृषि विकास तर्फ संघीय सरकारबाट सशर्त अनुदानका अलवा भीरकोट नगरक्षेत्रमा कृषि विकासलाई प्राथिकताका साथ अगाडि बढाउनका लागि कृषिमा आधुनिक प्रविधि अन्तरगत हाते टक्याटर र टनेल अनुदानमा उपलब्ध गराउन, एक घर एक करेसाबारी एक गाँउ एक नर्सरी कार्यक्रमका लागि बिउ उपलब्ध गराउन, एक गाँउ एक उत्पादन, अर्गानिक तरकारी खेती प्रर्वद्धन, कृषि पाठशाला कार्यक्रम अगाडी बढाउनका लागि, नमुना कृषि फारमका लागि जग्गा भाडामा लिने, निबुवा, कुरिलो, कफी, अलैची, सुन्तलाजातका फलफुलको वेर्ना वितरण, मल विउ, औजारको खरिद, उन्नत जातका बोका कुखुराका चल्लाहरु वितरण गर्ने कार्यका लागि जम्मा रु ४० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

४८. पशु सेवा तर्फ सशर्त अनुदानका अतिरिक्त नगरपालिकाको तर्फबाट नमुना पशु विकास फार्मको स्थापना उन्नत जातका बोका, चल्लाको वितरण र पशु विकास कार्यक्रमका लागि

जम्मा रु २५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । यसका अतिरिक्त वडा नं. ४ को दभुङ्गको भीरकोट गौशाला व्यवस्थापन र गाईवस्तुहरुलाई आवश्यक पर्ने घाँस, पराल, दानापानीको लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

४९. कृषि तथा पशुपालन व्ययसायमा संलग्न व्यवसायीलाई अनुदानका रुपमा उपलब्ध गराइने सम्पूर्ण कृषि औजारका सामान मल वीउ र वेर्ना उपलब्ध गराउदा ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाईएको छ ।

५०. धार्मिक तथा पर्यटकिय विकासका सम्भावन रहेका भीरकोट कालिका, छाङ्गछाङ्गदी, स्वरेक मैदान, केघा भञ्ज्याङ्ग, गडहरे गुफा, मुल्का बाराह, कोखेको झरना, देउपुजे ढुंगा, नारायणगिरी बाबा मन्दिर, खिलुङ्ग कालिका, ओकादी लगायतका क्षेत्रहरुको पर्यटन विकास र प्रवर्द्धनका लागि रु २० लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

५१. नगरपालिका क्षेत्रमा वसोवास गर्ने कृषि व्यवसायी, पशुपंक्षी व्यवसायी समेतका अन्य उद्यमी व्यवसायीहरुको क्षमता वृद्धि गर्ने खालका विभिन्न तालिमहरु संचालनको लागि एकमुष्ट रु. १५ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

५२. नगरपालिका क्षेत्र भित्र रहेका बेरोजगार युवा युवतीहरुलाई पारिश्रमिकमा आधारित रोजगार कार्यक्रम संचालन गरी रोजगार उपलब्ध गराउनका लागि रु ४० लाख रकम विनियोजन गरी एक वडा एक पारिश्रमिकमा आधारित आयोजना कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईएको छ।

५३. भीरकोट नगरपालिकामा रहेका वेरोजगार युवा युवतीलाई उद्यमशिल बनाउनका लागि आवश्यक पर्ने सिप तथा क्षमताको विकास गर्न रु ८ लाख रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

## वातावरण तथा विपद् व्यवस्थापनः

५४. नगरपालिका भित्र सडक, खानेपानी, भौतिक पूर्वाधारहरुको विकास गर्दा आयोजना विनियोजित रकमको कुल ५ प्रतिशत रकम सडकको दाँयाबाँया डालेघाँस, अम्रिसो लगायतका विरुवाहरु रोपण गरि वातावरण संरक्षण समेतका कार्यहरुमा खर्च गर्ने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

५५. नगरक्षेत्रको सरसफाई कार्यक्रम अन्तर्गत संचालन गरिने सरसफाई दिवस, तालिम तथा सचेतना कार्यक्रम, सरसफाई सामाग्री खरिद समेतका अन्य सरसफाई कार्यका लागि रु ९ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

५६. मानविय तथा प्राकृतिक कारणले आउन सक्ने विपद् व्यवस्थापनका लागि तारजाली, ह्युमपाईप खरिद र जोखिमयूक्त स्थानमा वृक्षारोपण कार्यक्रम संचालन गर्न रु. २० लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

५७. नगरस्तरमा मानविय तथा प्राकृतिक कारणबाट हुन सक्ने विपद्को व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषमा रु ५ लाख जम्मा गर्ने गरी रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

## संस्थागत विकास, सेवा प्रवाह एवं सुशासनः

५८. नेपालको संविधानको अनुसूची - ८ र स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भए अनुसार स्थानीय तहको काम कर्तव्य र अधिकारसँग सम्बन्धित विषयहरुमा आवश्यक पर्ने ऐन नियम निर्देशिका र कार्यविधिहरु तर्जुमा गर्ने, तर्जुमा भएका ऐन नियमको संशोधन तथा परिमार्जन गर्ने र त्यस्ता कानूनहरुको कडाईका साथ लागु गर्ने व्यवस्था मिलाईएको छ ।

५९. भीरकोट नगरपालिकालाई सुन्दर, व्यवस्थित र सुरक्षित शहर बनाउनका लागि शहरी योजना तथा भवन निर्माण मापदण्ड र भवन निर्माण सम्बन्धी स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ ।

६०. न्यायीक समितिका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिमको लागि रु. ३ लाख विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

६१. नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरु मध्येबाट यस आर्थिक वर्षमा निजले गरेको कार्य सम्पादन मूल्याङ्कनको आधारमा कर्मचारीहरु मध्येबाट सर्वोकृष्ट १ जना र उत्कृष्ट ५ जना कर्मचारी छनौट गरि पुरस्कृत गर्ने कार्य नगरकार्यपालिका मार्फत हुने व्यवस्था मिलाईएको छ । यसका लागि आवश्यक पर्ने रकम रु ७० हजार विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

६२. नगरपालिका र अन्तरगतका वडामा नेटवर्किङ्गबाट छिटो, छरितो र सहज सेवा प्रवाहका लागि आवश्यक पर्ने मेशिनरी सामान खरिद, सि.सि.क्यामेरा जडान, डिजिटल सुचना पार्टी जडानका लागि रु १२ लाख, फर्निचर खरिदका लागि रु १२ लाख, वडा नं. ७ को फर्निचर खरिदका लागि रु १ लाख चारपाङ्ग्रे सवारी साधन खरिदका लागि रु ३५ लाख, मोटर साइकल खरिदका लागि रु ७ लाख र डोजर खरिदको लागि रु १ करोड ४० लाख गरि मेशिनरी औजारमा जम्मा रु. २ करोड विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

६३. प्रविधि मैत्री सेवाग्राही उत्तरदायी नगरपालिका बनाउनका लागि सामाजिक परिक्षण गुनासो सर्वेक्षण र सार्वजनिक सुनुवाई कार्यक्रममा लागि रु १ लाख ५० हजार रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

६४. मैले यो बजेट कार्यान्वयनका लागि आम भीरकोटबासी नागरिकहरुको आवश्यक सहयोग र सहभागीता रहने विश्वास लिईएको छ । बजेटको कार्यान्वयन पश्चात यस नगरपालिकाको भौतिक, आर्थिक, सामाजिक तथा सास्कृतिक एवं वातावरणीय क्षेत्रको विकासमा टेवा पुग्ने र संस्थागत विकास र सुशासन कायम हुने कुरामा विश्वास लिईएको छ ।

६५. आर्थिक वर्ष ०७६/०७७ मा कुल बजेट ४४ करोड ७६ लाख ९२ हजार रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । कुल विनियोजित रकम मध्ये चालु तर्फ (सामाजिक सुरक्षा सहित) रु १७ करोड ६६ लाख ९२ हजार (३९.४७ प्रतिशत) र पूँजीगततर्फ रु. ११ करोड ३९ लाख (२५.४४ प्रतिशत) तथा शशर्त अनुदान तर्फ १५ करोड ७१ लाख (३५.०९ प्रतिशत) (उपभोक्ताको लागत सहभागिता बाहेक) रकम विनियोजन गर्ने व्यवस्था मिलाईएको छ।

६६. आगामी आर्थिक वर्ष ०७६/०७७ को खर्च व्यहोर्ने स्रोत मध्ये संघीय सरकारबाट प्राप्त समानीकरण अनुदान रु १० करोड १४ लाख, राजश्व बाँडफाँडबाट प्राप्त रु ७ करोड २३ लाख, प्रदेश सरकारबाट समानीकरण अनुदानमा रु. १ करोड २३ लाख ५८ हजार, राजश्व बाँडफाँड वापत रु ३० लाख ३४ हजार, समपूरक अनुदान रु ९० लाख, सशर्त अनुदानमा १५ करोड ७१ लाख, नगरपालिकाको आन्तरिक आम्दानीबाट अनुमान गरिएको रु १ करोड २५ लाख र यस आर्थिक वर्षमा खर्च हुन नसकी सन्चित कोषमा दाखिला हुन सक्ने अनुमानित रकम रु २ करोडबाट गर्ने व्यवस्था मिलाईएको छ। जसमध्ये संघीय तथा गण्डकी प्रदेश सरकारबाट राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम र आन्तरिक आम्दानी वापतको रकम चालु खर्च तर्फ विनियोजन गर्ने व्यवस्था मिलाईएको छ ।

६७. नगरपालिकामा प्राप्त हुने रकम मध्ये पूँजीगत र पूँजीगत प्रकृतिको चालू खर्चमा विनियोजित रु.१४ करोड ४० लाख ८० हजार मध्ये पुर्वाधार क्षेत्रमा रु ९ करोड ६१ लाख ९० हजार (६६.७६ प्रतिशत), सामाजिक क्षेत्र तर्फ रु ३ करोड ४ लाख ९० हजार (२१.१६ प्रतिशत), आर्थिक क्षेत्र तर्फ रु ८५ लाख (५.९० प्रतिशत), वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ रु २९ लाख (२.०१ प्रतिशत) र संस्थागत विकास तथा सेवा प्रवाह एवं सुशासन तर्फ रु ६० लाख (४.१७ प्रतिशत) रकम खर्च गर्ने गरी क्षेत्रगत रुपमा बजेट बाँडफाँड गर्ने व्यवस्था मिलाईएको छ ।

**अब म, आर्थिक वर्ष २०७६/०७७ को लागि राजश्व सम्बन्धी नीति प्रस्तुत गर्न चाहन्छुः**

६८. नवगठित यस नगरपालिकाको आर्थिक अवस्थालाई क्रमश अगाडि बढाउनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए बमोजिम कर, दस्तुर र सेवा शुल्कका क्षेत्रहरुको पहिचान गरी करको दरलाई भन्दा करको दायरालाई फराकिलो बनाउने नीति लिईएको छ ।

६९. आगामी आर्थिक वर्षमा नगरपालिकाको तर्फबाट आन्तरिक आम्दानीका रुपमा अनुमान गरिए बमोजिम रकम समयमा नै असुल गर्न घर वहाल कर, व्यवसाय कर लगायतका विषयमा शिर्षकगतरुपमा टोली गठन गरि आर्थिक वर्षको शुरुदेखि कर उठाउने कार्य प्रारम्भ गर्ने व्यवस्था मिलाईएको छ ।

७०. नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको क्षेत्र अन्तर्गत प्रदान गर्ने सेवा तथा सुविधा वापत सेवाग्राहीबाट लिने सेवा शुल्क तथा दस्तुर वापतको रकम आर्थिक ऐन, २०७६ मा प्रस्ताव गरी पेश गर्ने व्यवस्था मिलाईएको छ ।

७१. नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नेपाल सरकारद्धारा गरिब पहिचान भएका गरिब परिवार र सबै खालका अपाङ्गहरुलाई नगरपालिकाद्धारा उपलब्ध गराउने सबै किसिमका सेवा तथा सुविधा निःशुल्क रुपमा उपलब्ध गराउने व्यवस्था मिलाईएको छ ।

७२. भीरकोट नगरपालिका र अन्तरगतका वडा कार्यालयहरुबाट छात्रवृत्ति सिफारिस, आर्थिक सहायता सिफारिस, योजनाको माग सिफारिस, जेष्ठ नागरिक तथा अपाङ्ग परिचयपत्र वितरण, असाध्यै रोगहरुको उपचार खर्च सम्बन्धी सिफारिस, सरकारी, सामुदायिक वा गैरनाफामुलक भवनको नक्शा पास तथा अभिलेखिकरण, भुकम्प लाभग्राहीको नक्सा पास तथा अभिलेखिकरण, असाहाय, अनाथ र वेवारिसे व्यक्तिको लाश व्यवस्थापन गर्ने लगायतका कार्यहरु निःशुल्क गर्ने व्यवस्था मिलाईएको छ ।

७३. नगरपालिकाले निर्माण तथा मर्मत सम्भार गर्नु पर्ने खालका आन्तरिक आवतजावत गर्ने खालका सडकको मर्मत सम्भारका लागि सडक सेवा शुल्क नगर कार्यापलिकाको निर्णयानुसार गर्ने व्यवस्था मिलाईएको छ ।

७४. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता गर्नुपर्ने संस्थाहरुको दर्ता एवं नविकरण नगरपालिकामा नै गर्ने व्यवस्था मिलाई नियमानुसारको सेवा शुल्क लिने व्यवस्था मिलाईएको छ ।

७५. प्रदेश कानूनमा व्यवस्था भए बमोजिम नगरपालिकाले उठाउने कर प्रदेश कानूनमा भएको व्यवस्था अनुसार नै उठाई बाँडफाँड गर्ने व्यवस्था मिलाईएको छ ।

७६. अन्तर स्थानीय निकायको समन्वयबाट गर्नु पर्ने कार्यहरु सम्बन्धित स्थानीय तहहरुसँगको समन्वयमा गर्ने व्यवस्था मिलाई आपसी सहमतिका आधारमा राजश्व बाँडफाँड गर्ने व्यवस्था मिलाईएको छ ।

भीरकोट नगरपालिकाको चौथो बजेट तथा कार्यक्रम निर्माण कार्यमा मार्गदर्शन दिने नगर सभा सदस्य. भीरकोटवासी सम्पूर्ण बुबा,आमा,दाजुभाई, दिदीबहिनीहरु, विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधि, पत्रकार मित्रहरु र भीरकोट नगरपालिकामा कार्यरत सवै राष्ट्रसेवक कर्मचारीहरुबाट प्राप्त राय सल्लाह सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा पनि सोही अनुसारको सल्लाह सुझाव एवं सहयोगको समेत अपेक्षा व्यक्त गर्न चाहन्छौं ।

# भाग ३

## २.२ आर्थिक वर्ष २०७६/०७७ को लागि स्वीकृत शिर्षकगत खर्चको विवरणः

| भिरकोट नगरपालिकाको आ.व. ०७६/७७ चालु अनुमानित वजेट | | | | |
|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | वजेट संकेत नं. | आ व ०७५/७६मा विनियोजित रकम | आ व ०७६/०७७ मा प्रस्तावित रकम |
| १ | तलब | २११११ | १२०२५००० | १६०५८००० |
| २ | पदाधीकारी पारीश्रमिक | २१११२ | ८९८५००० | ९०००००० |
| ३ | महंगी भत्ता | २११३२ | ६०४००० | ७००००० |
| ४ | कर्मचारी पोशाक | २११२१ | ४६०००० | ८००००० |
| ५ | कर्मचारी फिल्ड भत्ता | २११३३ | ३६००० | ४०००० |
| ६ | कर्मचारी भत्ता | २११३४ | ३००००० | १०००००० |
| ७ | कर्मचारी अन्य भत्ता | २११३९ | ७६६५०० | ० |
| ८ | पदाधीकारी बैठक भत्ता | २११४१ | ० | १००००० |
| ९ | बीमा कोष | २१२१३ | २५००० | २५००० |
| १० | कर्मचारी कल्याण कोष खर्च | २१२१४ | ४००००० | २५०००० |
| ११ | पानी बिजुली | २२२११ | ५००००० | ६००००० |
| १२ | संचार महसुल | २२२१२ | ६००००० | १०००००० |
| १३ | पदाधीकारी इन्धन | २२२११ | ३५००००० | ३५००००० |
| १४ | कार्यालय इन्धन | २२२१२ | २३००००० | ५०००००० |
| १५ | सवारी साधन मर्मत | २२२१३ | ३३००००० | १८००००० |
| १६ | बीमा तथा नवीकरण दस्तुर | २२२१४ | ३००००० | ४५०००० |
| १७ | मेशिनरी औजार मर्मत | २२२२१ | ४००००० | ५००००० |
| १८ | निर्मित सार्वजनिक संस्था मर्मत | २२२३१ | १०००००० | ५००००० |
| १९ | कार्यालय सामान | २२३११ | ४०००००० | ५५००००० |
| २० | इन्धन अन्य प्रयोजन | २२३१४ | १००००० | २००००० |
| २१ | छपाइ तथा सूचना प्रकाशन | २२३१५ | १५००००० | १५००००० |
| २२ | सेवा तथा परामर्श | २२४११ | ४५०००० | ३०००००० |
| २३ | सफ्टवयर संचालन खर्च | २२४१२ | १०००००० | ५००००० |
| २४ | करार सेवा शुल्क | २२४१३ | ९२००००० | ९७७९००० |
| २५ | सरसफाई सेवा शुल्क | २२४१४ | १०००००० | १०००००० |
| २६ | अन्य सेवा शुल्क | २२४१९ | ३००००० | ५००००० |
| २७ | कर्मचारी तालिम | २२५११ | ० | ५००००० |
| २८ | अनुगमन मूल्यांकन | २२६११ | १५००००० | २०००००० |
| २९ | पदाधीकारी अनुगमन मूल्यांकन | | ० | ८००००० |
| ३० | भ्रमण खर्च | २२६१२ | १५००००० | १५००००० |
| ३१ | विविध खर्च | २२७२१ | ३०००००० | २५००००० |
| ३२ | नगर परिषद संचालन खर्च | २२७२१ | २००००० | ५००००० |

| भिरकोट नगरपालिकाको आ.व. ०७६/७७ चालु अनुमानित वजेट | | | | |
|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | वजेट संकेत नं. | आ व ०७५/७६मा विनियोजित रकम | आ व ०७६/०७७ मा प्रस्तावित रकम |
| ३३ | जग्गा भाडा | २८१४१ | ३५०००० | ५००००० |
| ३४ | सवारी तथा मेशीनरी भाडा | २८१४३ | १५००००० | १५००००० |
| ३५ | घरभाडा | २८१४२ | १५००००० | १५००००० |
| ३६ | बालबालिका कोष | | ० | ३००००० |
| ३७ | विपद व्यवस्थापन कोष | | ० | ५००००० |
| | **जम्मा** | | **६२६०१५००** | **७५४०२०००** |

| भीरकोट नगरपालिकाको आ. व. ०७६/७७ चालु अनुमानित वजेट | | | | |
|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | वजेट संकेत नं. | आ व ०७५/७६मा विनियोजित रकम | आ व ०७६/०७७ मा प्रस्तावित रकम |
| १ | न्यायिक समितिको क्षमता विकास | २२५११ | - | ३००,०००.०० |
| २ | कार्यक्रम खर्च | २२५१२ | ३,३००,०००.०० | १,५००,०००.०० |
| ३ | सीप विकास तालिम | २२५१२ | १,५००,०००.०० | १,५००,०००.०० |
| ४ | बालमैत्री स्थानीय शासन कार्यक्रम | २२५२२ | १,५००,०००.०० | ५,०००,०००.०० |
| ५ | युवा तथा खेलकुद कार्यक्रम | २२५२२ | १,०००,०००.०० | १,५००,०००.०० |
| ६ | शौचालय सामग्री वितरण | २२५२२ | २,९६०,०००.०० | १,०००,०००.०० |
| ७ | दैवी प्रकोप तथा विपद व्यवस्थापन | २२५२९ | ३,१००,०००.०० | २,०००,०००.०० |
| ८ | विविध कार्यक्रम | २२५२९ | २००,०००.०० | १,५००,०००.०० |
| ९ | धार्मिक तथा साँस्कृतिक सहायता | २५३१४ | ८००,०००.०० | ८००,०००.०० |
| १० | अन्य सहायता | २५३१५ | ५१०,०००.०० | ५१०,०००.०० |
| ११ | मदर्शा संचालन खर्च | २५३१४ | - | ७८०,०००.०० |
| १२ | अन्य सामाजिक सुरक्षा कार्यक्रम | २७११२ | १,०००,०००.०० | ६००,०००.०० |
| १३ | छात्रवृत्ति कार्यक्रम | २७२११ | ५०,०००.०० | २००,०००.०० |
| १४ | जेष्ठ नागरिक सम्मान तथा सेवा केन्द्र कार्यक्रम | २९२१९ | ९००,०००.०० | १,५००,०००.०० |
| १५ | अपाङ्ग प्रबर्द्धन कार्यक्रम | २२५२२ | ४००,०००.०० | ५००,०००.०० |
| १६ | उद्यम विकास कार्यक्रम | २२५२२ | ४००,०००.०० | ८००,०००.०० |
| १७ | दलित अल्पशंख्यक मुस्लिम विपन्न कार्यक्रम | २२५२२ | ९००,०००.०० | १,०००,०००.०० |
| १८ | कृषि विकास कार्यक्रम | २२५२२ | २,४००,०००.०० | ४,०००,०००.०० |
| १९ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | २२५२२ | ३,२९०,०००.०० | २,०००,०००.०० |
| २० | पशु विकास सम्बन्धी कार्यक्रम | २२५२२ | १,५००,०००.०० | २,५००,०००.०० |
| २१ | महिला तथा वालवालिका कार्यक्रम | २२५२२ | ९००,०००.०० | १,५००,०००.०० |

| भीरकोट नगरपालिकाको आ. व. ०७६/७७ चालु अनुमानित वजेट | | | | |
|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | वजेट संकेत नं. | आ व ०७५/७६मा विनियोजित रकम | आ व ०७६/०७७ मा प्रस्तावित रकम |
| २२ | वातावरण तथा सरसफाइ कार्यक्रम | २२५२२ | ९००,०००.०० | ९००,०००.०० |
| २३ | शिक्षा विकास कार्यक्रम | २२५२२ | ३,०००,०००.०० | ४,५००,०००.०० |
| २४ | स्वास्थ्य सम्बन्धी कार्यक्रम | २२५२२ | २,६००,०००.०० | ३,०००,०००.०० |
| २५ | आर्थिक सहायता तथा पुनःस्थापना कार्यक्रम | २२५२२ | ९००,०००.०० | ९००,०००.०० |
| २६ | भैपरी आउने चालु खर्च | २८९११ | १,०००,०००.०० | ८००,०००.०० |
| २६ | दुर्वयसन न्यूनीकरण सचेतना कार्यक्रम | | | २००,०००.०० |
| २७ | सशर्त अनुदान | | | १५७,१००,०००.०० |
| २८ | सामाजिक सूरक्षा | | | ६०,०००,०००.०० |
| | **जम्मा** | | **३५,०१०,०००.००** | **२५८,३९०,०००.००** |

## ३.२ नगरस्तरीय आयोजनाहरुको विवरणः

| सि.नं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिका कार्यालय भवन निर्माण | २०,०००,०००.०० | |
| २ | वडा नं. ५ को वडा कार्यालय भवन निर्माण | ५,०००,०००.०० | |
| ३ | छाँयाक्षेत्र मन्दिर मर्मत | ४,०००,०००.०० | |
| ४ | वडा नं. १ को कार्यालय | ३,०००,०००.०० | |
| ५ | सार्वजनिक शौचालय | १,५००,०००.०० | |
| ६ | फोहोर मैला व्यवस्थापन केन्द्र | २,५००,०००.०० | |
| ७ | दभुङ्ग कालिका मन्दिर | ८००,०००.०० | |
| ८ | समपुरक गोदीखोला कल्भर्ट | ३,५००,०००.०० | |
| ९ | समपुरक छाङ्छाङ्दी मन्दिर | २,०००,०००.०० | |
| १० | वडा नं. ५ को कार्यालय | १,५००,०००.०० | |
| ११ | कार्यालय प्रयोजनका लागि जग्गा खरिद | २,०००,०००.०० | |
| १२ | सानो खोल्सो लिफ्टिङ्ग खा.पा. | २,०००,०००.०० | |
| १३ | वडा नं. ७ को कार्यालय कम्पाउण्ड | २००,०००.०० | |
| १४ | वडा नं. ३ को कार्यालय कम्पाउण्ड | २००,०००.०० | |
| १५ | वडा नं. ७ को कार्यालय फर्निसिङ्ग | १००,०००.०० | |
| १६ | समपुरक (संघ तथा प्रदेश) | १०,०००,०००.०० | |

| | | | |
|---|---|---|---|
| १७ | वडा नं. ३, ४, ८ र ९ का स्वास्थ्य चौकी कम्पाउण्ड निर्माण | ४००,०००.०० | प्रति स्वास्थ्य चौकी १ लाखका दरले |
| १८ | कम्प्यूटर/Wifi जस्ता मेशिनरी सामान | १,२००,०००.०० | |
| १९ | फर्निचर तथा फर्निसिङ्ग | १,२००,०००.०० | |
| २० | सवारी साधन | ३,५००,०००.०० | |
| २१ | सवारी साधन (मोटरसाईकल) | ७००,०००.०० | |
| २२ | डोजर | १४,०००,०००.०० | |
| २३ | शिव पार्वती मन्दिर भीरकोट ५ | १,०००,०००.०० | |
| २४ | नगरक्षेत्र पुर्वाधार | ३,६००,०००.०० | |
| २५ | वडा कार्यालयको पुँजीगत खर्च | २२,५००,०००.०० | |
| २६ | श्रममा आधारित स्वरोजगार कार्यक्रम | ४,०००,०००.०० | |
| २७ | कब्रिस्थान संरक्षण वडा नं. १ | ५००,०००.०० | |
| २८ | विभिन्न आयोजनाहरुको डि.पि.आर. गर्ने कार्यका लागि | २,०००,०००.०० | |
| २९ | विपन्नसँग मेयर कार्यक्रम | १,०००,०००.०० | |
| | **जम्मा** | **११३,९००,०००.००** | |

## ३.३ वडास्तरीय आयोजनाको विवरणः

| **वडा नं १** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **आयोजनाहरुको नाम** | **आयोजना कार्यान्वय हुने वडा** | **विनियोजित बजेट** |
| १ | दार्सिङ्ग क्रियाघर निर्माण | १ | २००००० |
| २ | बराहकालिका आमा समुह | १ | १००००० |
| ३ | बराह मन्दिर देखि नगरपालिका गोरेटो बाटो | १ | १५०००० |
| ४ | भुङ्गभुङ्गे देखि खाँदीखोला गोरेटो बाटो ढलान | १ | १००००० |
| ५ | लाँकुरीडाँडा बराहकाली मन्दिर गोरेटो बाटो | १ | १००००० |
| ६ | छबिसे सिँचाई योजना | १ | १५०००० |
| ७ | लामाचौर बगर सिँचाई | १ | ५००००० |
| ८ | पिडालुखोरिया खानेपानी | १ | १५०००० |
| ९ | हेगडाँडा खानेपानी | १ | १५०००० |
| १० | बगैंचा ढल निर्माण | १ | १५०००० |
| ११ | बराहकालिका आमा समुह (लाकुरीडाँडा गोरेटो बाटो) | १ | १००००० |

| वडा नं १ | | | |
|---|---|---|---|
| **क्र.सं.** | **आयोजनाहरुको नाम** | **आयोजना कार्यान्वय हुने वडा** | **विनियोजित बजेट** |
| १२ | बाल खेल मैदान जगतपुर | १ | ५००००० |
| १३ | माझीगाउँ गोरेटो बाटो | १ | १५०००० |
| **कुल जम्मा** | | | **२५०००००** |

| वडा नं २ | | | |
|---|---|---|---|
| **क्र.सं.** | **आयोजनाहरुको नाम** | **आयोजना कार्यान्वय हुने वडा** | **विनियोजित बजेट** |
| १ | ओसेक पँधेरा माथि गोरेटो बाटो मर्मत | २ | ५०००० |
| २ | गर्दी बाटो निर्माण | २ | १००००० |
| ३ | जोगखोला लुहाडाँडा आपडाँडा ग्रा.स. | २ | १००००० |
| ४ | प्रतिक्षालय देखि चमडिल्ला स्तरोन्नती | २ | १००००० |
| ५ | फिरफिरे टारी सिचाई | २ | १५०००० |
| ६ | सारुथोकबाट कालिका मन्दिर सम्म सिढी बाटो | २ | १५०००० |
| ७ | बटुवा तटवन्धन | २ | १००००० |
| ८ | अंकुना खानेपानी पाइप विस्तार | २ | १००००० |
| ९ | केघा खानेपानी पाइप विस्तार | २ | ५०००० |
| १० | करखोला खानेपानी | २ | २००००० |
| ११ | कुन्री खोला दहथुम खानेपानी | २ | १००००० |
| १२ | तल्लो थर खानेपानी टंकी | २ | ५०००० |
| १३ | धारापानी,राजापानी,छहरा,गौहा स्वाँरा खा.पा. | २ | २००००० |
| १४ | बाहाखोला खानेपानी | २ | १००००० |
| १५ | भुङ्गभुङ्गे वाल र सार्वजनिक धारा | २ | २००००० |
| १६ | सार्वजनिक धारा | २ | ५०००० |
| १७ | डाँडाकोट कोइलीखोला सिढी | २ | ५०००० |
| १८ | थुम्की चौपारी निर्माण | २ | ५०००० |
| १९ | वगाले टोल मुखिया चौपारी | २ | १००००० |
| २० | मुस्लिम मर्दशा | २ | १००००० |

| वडा नं २ | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाहरुको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित बजेट |
| २१ | यूवा खेलकुद पर्यटन तथा सांसकृतिक व्यवस्थापन | २ | १००००० |
| २२ | सुन्दुरडाडा प्रतिक्षालय | २ | २००००० |
| २३ | हिन्दु क्रिया घर | २ | १००००० |
| जम्मा | | | २५००००० |

| वडा नं ३ | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाहरुको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित बजेट |
| १ | आमा समुह भवन रोजिखोला | ३ | १००००० |
| २ | गाउँघर क्लिनीक भवन डाडाचौपारी | ३ | १००००० |
| ३ | रानीडाडा आमा समुह भवन | ३ | १००००० |
| ४ | समिडाडा भवन निर्माण | ३ | १५०००० |
| ५ | सामुदायिक भवन गुमार्दी | ३ | ३००००० |
| ६ | कजम थुम्का पिसिसि | ३ | १००००० |
| ७ | कालिका मन्दिर गोरेटोबाट पिसिसि | ३ | १००००० |
| ८ | देउराली कोखे ग्रा.स. सोलिङ पि.सि.सि. | ३ | २००००० |
| ९ | वानेथोक साम्झा ग्रामिण सडक नयाँ कटिङ्ग | ३ | १००००० |
| १० | मुल्कासम्मथरी गोरेटो पि.सि.सि. | ३ | १००००० |
| ११ | माझवारी घुम्ती सोलिङ | ३ | १००००० |
| १२ | तिनधारे सिचाइ | ३ | १००००० |
| १३ | नौबिसे सिंचाई कुलो | ३ | १००००० |
| १४ | मुलपानी गोकेस टारी सिचाइ | ३ | १००००० |
| १५ | मुसेखोला तल्ला ढावटारी सिचाइ | ३ | १००००० |
| १६ | सियाले ढावको सिचाइ कुलो | ३ | १००००० |
| १७ | ओल्याङदी खानेपानी मर्मत | ३ | १५०००० |
| १८ | गोकेस गुमार्दी खत्रीगाउँ खानेपानी | ३ | १००००० |
| १९ | तिनधारा रानीडाडा वजादी खानेपानी | ३ | १५०००० |

| वडा नं ३ | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाहरुको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित बजेट |
| २० | वालमैत्री पार्क | ३ | १५०००० |
| जम्मा | | | २५००००० |

| वडा नं ४ | | | |
|---|---|---|---|
| क्र.स | योजनाहरु | आयोजना कार्यान्वय हुने वडा | रकम |
| १ | गैनडाडाँ कुडहर दलित वस्ति ग्रामिण सडक | ४ | २००००० |
| २ | ग्रामिण सडक मर्मत संभार योजना | ४ | १००००० |
| ३ | छाङ्गछाङ्गदी झारखाम कृषि सडक | ४ | १००००० |
| ४ | छाङ्गछाङ्गदी हटिया PCC बाटो | ४ | ३००००० |
| ५ | सिद्धार्थ राजमार्ग दभुङ्गठाटि  ग्रा.स निर्माण | ४ | ४००००० |
| ६ | दहथुम छाङ्गछाङ्गदी सिचाइ योजना | ४ | १००००० |
| ७ | मझुवा सिम्ले लाभाबाध सिचाइ योजना | ४ | २००००० |
| ८ | माले वगर कुलो निर्माण | ४ | २००००० |
| ९ | लामोबाध छाङ्गछाङ्गदी ओढारे लिफ्टीङ्ग योजना | ४ | ३००००० |
| १० | गैह्राथोक सिद्धार्थ राजमार्ग खानेपानी टंकि निर्माण | ४ | १००००० |
| ११ | जुकेपानी खा.पा मर्मत | ४ | १००००० |
| १२ | भु-भुका खा.पा मुल संरक्षण तथा बादर नियन्त्रण | ४ | १००००० |
| १३ | कुसुम थुम्का बालमैत्री पार्क निर्माण योजना | ४ | १५०००० |
| १४ | फुटकर योजना | ४ | १५०००० |
| जम्मा | | | २५००००० |

| वडा नं ५ | | | |
|---|---|---|---|
| क्र.सं | आयोजनाको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित रकम |
| १ | राजेन्द्र भवानी दिदिबहिनी आमा समुह भवन निर्माण | | २००००० |
| २ | आइपिएम कृषक पाठशाला | | १००००० |

| वडा नं ५ | | | |
|---|---|---|---|
| क्र.सं | आयोजनाको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित रकम |
| ३ | कृषकहरुका लागी बिउ बिजन तथा बिरुवा वितरण | | १००००० |
| ४ | बाँदर व्यवस्थापन | | १००००० |
| ५ | अध्ययन अवलोकन भ्रमण | | १००००० |
| ६ | गैराघर सन्धिखर्क कृषि सडक नया | | १००००० |
| ७ | सन्धिखर्क ठुलो ढुंगा सिंचाई | | १००००० |
| ८ | भीरकोट ५ खानेपानी तथा सरसफाई | | ५००००० |
| ९ | कुसुन्डे खोला दलित बस्ती सडक नाला निर्माण | | २००००० |
| १० | बालमैत्री पार्क निर्माण वालउद्यान | | १००००० |
| ११ | गढी भञ्याङ्ग कम्पाउण्ड | | १००००० |
| १२ | मर्मत संहार कोष | | ५००००० |
| १३ | स्वरेक भञ्याङ् कोट चौकी डौडार ग्रा.स.स्तरोन्नती | | २००००० |
| १४ | महिला लक्षित तालिम | | १००००० |
| जम्मा | | | २५००००० |

| वडा नं. ६ | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाहरुको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित बजेट |
| १ | पशुपालन कृषी विउ विजन | ६ | २००००० |
| २ | भण्डारखोला मोटरेवल पुल निर्माण आयोजना | ६ | ५००००० |
| ३ | खोलाखेत कुलो निर्माण | ६ | १००००० |
| ४ | खोलाखेत विरौटा आगेखेत निउवाबोट कुलो | ६ | १००००० |
| ५ | भञ्ज्याङ्ग खेत कुलो निर्माण | ६ | १००००० |
| ६ | उजेलीडाँडा खा.पा. योजना | ६ | १००००० |
| ७ | बुढाथर खानेपानी आयोजना | ६ | १००००० |
| ८ | समिडाँडा, डाँडाथर, डाँडाबारी, अरवेणी खा.पा. | ६ | १००००० |
| ९ | सिमलचौर खानेपानी आयोजना | ६ | ५००००० |
| १० | आहाल सालघारी पदमार्ग | ६ | १००००० |

| वडा नं. ६ | | | |
|---|---|---|---|
| **क्र.सं.** | **आयोजनाहरुको नाम** | **आयोजना कार्यान्वय हुने वडा** | **विनियोजित बजेट** |
| ११ | खोलापारी दमैगाउँ पदमार्ग | ६ | १००००० |
| १२ | गोदिखोला-पुवात-भाग्योदय पदमार्ग | ६ | १००००० |
| १३ | डुम्रीबोट स्वास्थ्यचौकी खानेपानी आयोजना | ६ | १००००० |
| १४ | नयाँ चौपारी पुरानी पदमार्ग | ६ | १००००० |
| १५ | भालुखोला पदमार्ग आयोजना | ६ | १००००० |
| १६ | यूवा खेलकुद बालमैत्री कार्यक्रम | ६ | १००००० |
| **जम्मा** | | | **२५०००००** |

| वडा नं. ७ | | | |
|---|---|---|---|
| **क्र.सं.** | **आयोजनाहरुको नाम** | **आयोजना कार्यान्वय हुने वडा** | **विनियोजित बजेट** |
| १ | डुम्रीबोट-मोटरबाट पदमार्ग | ७ | १५०००० |
| २ | कोलडाँडा-महेन्द्रज्योती पदमार्ग | ७ | १५०००० |
| ३ | गोदार थर- सारु थर पदमार्ग | ७ | १५०००० |
| ४ | चिउरीखर्क माईथान-खेल मैदान पदमार्ग | ७ | १५०००० |
| ५ | दलित वस्ति-गुप्तेश्वर महादेव मन्दिर पदमार्ग | ७ | १५५००० |
| ६ | दलित वस्ति कोलडाँडा चौतारी व्यवस्थापन | ७ | १५०००० |
| ७ | धोवादी मिल-बाहुनडाँडा पदमार्ग | ७ | १५०००० |
| ८ | बन्द्रुक पदमार्ग | ७ | १५०००० |
| ९ | योजनागत विवध | ७ | ३४५००० |
| १० | रोजगारी अभिवृद्धि कार्यक्रम | ७ | ५००००० |
| ११ | वालवर्षा प्रा.वि.-जम्दार चौपारी पदमार्ग | ७ | १५०००० |
| १२ | शिव मन्दिर-गहते पदमार्ग | ७ | १५०००० |
| १३ | साङ्गखोला-ढाँड शिवमन्दिर पदमार्ग | ७ | १५०००० |
| **कुल जम्मा** | | | **२५०००००** |

| वडा नं ८ | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाहरुको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित बजेट |
| १ | जन एकता सामुदायिक भवन | ८ | १००००० |
| २ | स्याना भञ्ज्याङ्ग सामुदायिक भवन निर्माण | ८ | ३००००० |
| ३ | ढापुक फेदी बडहरे मोहनडाँडा दम्सुवाखोला साउनेपानी मोटरबाटो स्तरोन्नती | ८ | १००००० |
| ४ | ढापुक फेदी सालिकोष स्यानाभञ्ज्याङ्ग मोटरबाटो स्तरोन्नती | ८ | १००००० |
| ५ | चिलाउनेखर्क पर्खाल निर्माण | ८ | १००००० |
| ६ | बाह्रमुरे कुलो सिंचाई योजना | ८ | १००००० |
| ७ | चिद्यान पंधेरो संरक्षण | ८ | १००००० |
| ८ | छापा खा.पा. | ८ | १००००० |
| ९ | जोगिथुम खा.पा. | ८ | १००००० |
| १० | दिगुवा लिफ्टिङ्ग खा.पा. | ८ | १००००० |
| ११ | मोहनडाँडा तारुक दलित वस्ती खा.पा. | ८ | १००००० |
| १२ | रिम नमुना वस्ती खा.पा. | ८ | १००००० |
| १३ | सिरुखर्क खा.पा. | ८ | १००००० |
| १४ | उजेलीडाँडा गोरेटो बाटो सिढी निर्माण | ८ | १००००० |
| १५ | ओकादी गोरेटोबाटो ढुंगा सोलिङ्ग | ८ | १००००० |
| १६ | ढांडखोला पब्लिक स्कुल गोरेटो बाटो सिढी निर्माण | ८ | १००००० |
| १७ | पखेरे खेल मैदानको मंच निर्माण | ८ | १००००० |
| १८ | बर्खे बाटो फुलपाती गोरेटो बाटो निर्माण | ८ | १००००० |
| १९ | बाल उद्यान | ८ | १००००० |
| २० | विरेडाँडा पब्लिक स्कुल गोरेटो बाटो सिढी निर्माण | ८ | १००००० |
| २१ | शिव मन्दिर निर्माण | ८ | २००००० |
| २२ | उजेलीडाँडा देविखर्क माझखर्क मोटरबाटो स्तरोन्नती | ८ | १००००० |
| जम्मा | | | २५००००० |

| वडा नं ९ | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाहरुको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित बजेट |

| वडा नं ९ | | | |
|---|---|---|---|
| क्र.सं. | आयोजनाहरुको नाम | आयोजना कार्यान्वय हुने वडा | विनियोजित बजेट |
| १ | गाउँघर क्लिनिक भवन निर्माण ठुलीभञ्ज्याङ्ग | ९ | ३००००० |
| २ | विशाल विकास सामुदायीक भवन | ९ | २५०००० |
| ३ | साउन्दी दलितबस्ती सामुदायीक भवन | ९ | २००००० |
| ४ | काभ्रे मन्दिर घेराबार | ९ | ५०००० |
| ५ | ठुलीभञ्ज्याङ्ग चिहानडाँडा भट्टीको छानो निर्माण | ९ | १५०००० |
| ६ | ढुन्डुरे चिहानडाँडा पौवा निर्माण | ९ | १५०००० |
| ७ | बेमौसमी आधुनिक विषादी रहित तरकारी उत्पादन कार्यक्रम | ९ | २००००० |
| ८ | आङवाङ मोटर बाटो देखि पोखरीडाँडा सम्म गोरेटो बाटो PCC | ९ | २००००० |
| ९ | जिमिरे मन्दिर देखि जुकेनी सम्म ग्रामिण सडक निर्माण | ९ | १००००० |
| १० | पल्लादेखि कोटा सम्म गोरेटो बाटो निर्माण PCC | ९ | १००००० |
| ११ | पिपलडाँडा देखि डाँडाथोक सम्म गोरेटो बाटो PCC | ९ | १५०००० |
| १२ | सिंजाली गैह्रे गोरेटो बाटो PCC साउन्दी | ९ | १००००० |
| १३ | चराङ्ग खानेपानी पाईप खरिद | ९ | १५०००० |
| १४ | नारायणगिरी लिफ्टिङ्ग खानेपानी | ९ | ३००००० |
| १५ | कालिका मन्दिर घेरावार तथा शौचालय निर्माण | ९ | १००००० |
| जम्मा | | | २५००००० |

## ३.३ अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तर्गतका कार्यक्रमको विवरणः

| शिर्षक/जिल्ला/कार्यक्रम | | | | |
|---|---|---|---|---|
| | | | | रु. हजारमा |
| १ | **समानीकरण अनुदान** | | | |
| | समानिकरण अनुदान | नेपाल सरकार | नगद | १०१४०० |
| २ | **शशर्त अनुदान** | | | |
| क. | **राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम** | | | |
| | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जा कार्यक्रम | नेपाल सरकार | नगद | १२५० |
| ख. | **कृषि विभाग** | | | |
| | सहकारी सिंचाई, साना सिंचाई मर्मत संभार तथा निर्माण | नेपाल सरकार | नगद | ५०० |
| ग. | **केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम** | | | |
| | माटो परिक्षण गरी माटो सुधारको लागि सामाग्री/प्रविधि वितरण/हस्तान्तरण | नेपाल सरकार | नगद | २०० |
| | भकारो सुधार कार्यक्रम | नेपाल सरकार | नगद | ३०० |
| घ. | **पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम** | | | |
| | विभिन्न खोपहरु लगाए वापत भ्याक्सिनेटरलाई पारिश्रमिक | नेपाल सरकार | नगद | १२५ |
| | पशु स्वास्थ्य व्यवस्थापनको लागि औषधि वितरण | नेपाल सरकार | नगद | १४५ |
| | वर्ड फ्लु रोग लगायत अन्य रोगहरुको नियन्त्रणको लागि वैठक तथा नमुना संकलन गरी पठाउने तथा प्रदेश तथा संघमा रिपोर्टिङ्ग गर्ने | नेपाल सरकार | नगद | ७५ |
| | पशुपन्छी तथा मत्स्य उपचार सेवा | नेपाल सरकार | नगद | ६० |
| ङ. | **पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम** | | | |
| | तरल नाईट्रोजन ढुवानी भण्डारण तथा वितरण तथा व्यवस्थापन | नेपाल सरकार | नगद | २४० |
| च. | **खेलकुद विकास कार्यक्रम** | | | |
| | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता(स्थानीय तहस्तरीय) | नेपाल सरकार | नगद | १०० |
| छ. | **सवैका लाग शिक्षा-आधारभुत तह** | | | |
| | आधारभुत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारीहरु समेत) | नेपाल सरकार | नगद | ८६१७३ |
| ज. | **माध्यमिक तह** | | | |
| | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी, प्राविधिक धारका प्रशिक्षक समेत) | नेपाल सरकार | नगद | १९६२० |

| झ. | **विद्यालय क्षेत्र विकास कार्यक्रम-जिल्ला स्तर** | | | |
|---|---|---|---|---|
| | प्ररम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | ६२०२ |
| | प्ररम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | ९८९ |
| | प्ररम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | १७५८ |
| | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | नेपाल सरकार | नगद | ९७० |
| | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | नेपाल सरकार | नगद | १५५ |
| | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | नेपाल सरकार | नगद | २७५ |
| | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | नेपाल सरकार | नगद | १४५९ |
| | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | नेपाल सरकार | नगद | २३३ |
| | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | नेपाल सरकार | नगद | ४१३ |
| | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | १६२२ |
| | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | २५८ |
| | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | ४५९ |
| | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम(परम्परागत विद्यालय, वैक्लपिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपाल सरकार | नगद | ४१६ |
| | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम(परम्परागत विद्यालय, वैक्लपिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपाल सरकार | नगद | ६६ |
| | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम(परम्परागत विद्यालय, वैक्लपिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | नेपाल सरकार | नगद | ११८ |
| | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार | नगद | ३६३६ |
| | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार | नगद | ५८० |
| | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | नेपाल सरकार | नगद | १०३० |
| | प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवं कक्षा ड को परीक्षा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | ९४८ |

| | | | | |
|---|---|---|---|---|
| | प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | १५१ |
| | प्रति विद्यार्थि लागतका आधारमा शिक्षण सिकाई सामाग्री एवं कक्षा ८ को परीक्षा व्यवस्थापन अनुदान | नेपाल सरकार | नगद | २६९ |
| | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवसीय तथा गैरआवसीय) | नेपाल सरकार | नगद | ९०० |
| | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवसीय तथा गैरआवसीय) | नेपाल सरकार | नगद | १६८ |
| | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवसीय तथा गैरआवसीय) | नेपाल सरकार | नगद | २७८ |
| ञ. | **प्राथमिक स्वास्थ्य सेवा** | | | |
| | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब महंगी भत्ता स्थानीय भत्ता पोषाक लगायत अन्य प्रशासनी खर्च समेत | नेपाल सरकार | नगद | १५९२३ |
| ट. | **क्षेयरोग नियन्त्रण** | | | |
| | उपचार केन्द्रहरुमा आकस्मिक अवस्थामा औषधि एवं ल्याब ढुवानी, कार्यक्रमका लागि आवश्यक स्टेशनरी तथा फर्म फरमेट फोटोकपी, विरामीको व्यक्तिगत विवरण ई-टि.बि. रजिष्टरमा अध्यावधिक, समुदाय परिचालन गरि क्षयरोग विरामी निदानका लागि प्रेषण तथा उपचार, विश्व क्षयरोग दिवस मनाउने | नेपाल सरकार | नगद | ४५ |
| | स्वास्थ्य संस्थाबाट टाढा रहेका बस्ती तथा स्वास्थ्य सेवामा पहुँच कम भएका, कारागार, गुम्बा, स्कुल, बृद्धाश्रम, उद्योग भएको क्षेत्र, शहरी घनावस्ती, लगायत अन्य क्षयरोगका जोखिमयुक्त जनसंख्यामा माइक्रोस्कोपिक क्याम्प लगायतका अन्य सकृय क्षयरोग खोजपडताल कार्यक्रम | नेपाल सरकार | नगद | ७५ |
| | कार्यक्रमको नियमित अनुगमन तथा मुल्याङ्कन गरि कार्यक्रमको गुणस्तरीयता सुनिश्चित गर्ने, स्थलगत अनुशिक्षण गरि स्वास्थ्यकर्मिहरुको क्षमता अभिवृद्धि, क्षयरोगका विरामीको उपचारको नतिजाको कोहर्ट विश्लेषण तथा कार्यक्रमको चौमासिक समिक्षा | नेपाल सरकार | नगद | ८५ |
| ठ. | **एकीकृत महिला स्वास्थ्य तथा प्रजनन स्वास्थ्य कार्यक्रम** | | | |
| | परिवार योजना तथा प्रजनन स्वास्थ्य कार्यक्रमका लागि औजार/उपकरण खरिद | नेपाल सरकार | नगद | २७ |
| | मातृ तथा नवशिशु कार्यक्रमका लागि व्यक्ति करार | नेपाल सरकार | नगद | ५३२ |
| | परिवार योजन तथा प्रजनन स्वास्थ्य कार्यक्रम | नेपाल सरकार | नगद | ४७० |
| | मातृ तथा नवशिशु कार्यक्रम | नेपाल सरकार | नगद | २४० |
| | मातृ तथा नवशिशु कार्यक्रम अनुगमन तथा सुपरिवेक्षण | नेपाल सरकार | नगद | १० |

| | | | | |
|---|---|---|---|---|
| | मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, AMC न्यानो झोला, Vitamin K, Magnesium Sulphate Calcium Gluconate र निशुल्क गर्भपतन कार्यक्रम | नेपाल सरकार | नगद | ७०० |
| ड. | **एकीकृत वाल स्वास्थ्य पोषण कार्यक्रम** | | | |
| | पोषण कार्यक्रम(नेपाल सरकार) | नेपाल सरकार | नगद | ३२३ |
| | दानुरा रुवेला खोप अभियान | नेपाल सरकार | नगद | ६८ |
| | रोटा खोप सुरुवात | नेपाल सरकार | नगद | २५ |
| | नियमित तथा पुर्ण खोप दिगोपना र खोप ढुवानी | नेपाल सरकार | नगद | ३३८ |
| | खोप केन्द्र निर्माण | नेपाल सरकार | नगद | ४०४ |
| ढ. | **महामारी तथा रोग नियन्त्रण कार्यक्रम** | | | |
| | रेविज, सर्पदंश आदिको जनचेतना सम्बन्धी प्रचार प्रसार तथा दिवस मनाउने पशुपंक्षी आदीबाट हुने इन्फुएन्जा, बर्ड फ्लु, ए यम आर सिष्टिसर्कोसिस, टक्सोप्लाज्मोसिस आदी विभिन्न सरुवारोग सम्बन्धी रोकथाम र सचेतना कार्यक्रम | नेपाल सरकार | नगद | २० |
| | नसर्ने रोग सम्बन्धी कार्यक्रम(अभिमुखिकरण, नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम Hypertension Diabities COPD Cander days) | नेपाल सरकार | नगद | ७० |
| | मानसिक स्वास्थ्य सम्बन्धी महत्वपूर्ण दिवस मनाउने(आत्महत्या रोकथाम दिवस, मानसिक स्वास्थ्य दिवस, अल्जाईमर दिवस) मानसिक स्वास्थ्य समस्याबाट प्रभावित व्यक्तित्व परिवारका सदस्यहरु(स्याहारकर्ताहरु) का लागि क्षमता अभिवृद्धि कार्यक्रम | नेपाल सरकार | नगद | १९ |
| | महामारी तथा प्रकोपजन्य रोगहरुको अवस्थामा RRT/CRRT परिचालन गर्ने, चौमासिक रिभ्यू तथा अभिमूखिकरण गर्ने | नेपाल सरकार | नगद | ६० |
| | औलो नियन्त्रण कार्यक्रमको अनुगमन एवं मूल्याङ्कन, औलो महामारी हुने औलो ग्रसित क्षेत्रको छनौट गरी विषादी छर्कने(रेस्पोन्सिभ स्प्रेईङ्ग समेत), विश्व औलो नियन्त्रण दिवस मनाउने तथा औलो नियन्त्रणका लागि वहुनिकाय अन्तरक्रिया | नेपाल सरकार | नगद | २१ |
| ण. | **अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम** | | | |
| | विश्व कुष्ठरोग दिवस तथा अपाङ्गता दिवसको उपलक्ष्यमा कार्यक्रम | नेपाल सरकार | नगद | १५ |
| त. | **अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली** | | | |
| | स्थानीय तहका स्वास्थ्य संस्थाहरुको मासिक, चौमासिक समिक्षा, सूचना संकलन, गुणस्तर सुधार साथै विद्युतिय प्रतिवेदनका लागि ईन्टरनेट सेवा समशुल भुक्तानी समेत | नेपाल सरकार | नगद | १४५ |
| थ. | **राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र** | | | |
| | विद्यालय स्वास्थ्य शिक्षा, आमा समूह तथा स्थानीय स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन प्रवर्द्धन अभियान | नेपाल सरकार | नगद | १२५ |

| | | | | |
|---|---|---|---|---|
| द. | **उपचारात्मक सेवा कार्यक्रम** | | | |
| | औषधिको समुचित प्रयोग प्रवर्द्धनको लागि साथी समुह शिक्षा कार्यक्रम (Peer group discussion) तथा आधारभुत स्वास्थ्य सेवा सम्बन्धी स्तरीय पद्धति अभिमुखिकरण तथा समिक्षा कार्यक्रम | नेपाल सरकार | नगद | १२५ |
| | आधारभुत तथा आकस्मिक सेवा स्वास्थ्य चौकी/प्र.स्वा.के./प्राथमिक अस्पतालको न्यूनतम सेवा मापदण्ड अनुगमन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | नेपाल सरकार | नगद | १०० |
| | आधारभुत तथा आकस्मिक सेवाको लागि औषधि खरिद(पुर्वानुमान, परिमाण निर्धारण तथा स्पेशिफिकेसन तयार गर्ने कार्यको समेत खर्च) | नेपाल सरकार | नगद | १५५० |
| | न्यूनतम सेवा मापदण्ड कार्यान्वयनका लागि आवश्यक औजार उपकरण तथा स्वास्थ्य सामाग्री खरिद, मर्मत तथा व्यवस्थापन | नेपाल सरकार | नगद | २०० |
| | विरामिको लागि ओ.पि.डि. टिकट(कार्वन कपी सहितको) छपाई | नेपाल सरकार | नगद | १०० |
| ध. | **नर्सिङ्ग तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम** | | | |
| | महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम(अर्ध वार्षिक समिक्षा र दिवस मनाउने) | नेपाल सरकार | नगद | १२ |
| न. | **आयूर्वेद चिकित्सालयहरु/औषधालयहरु** | | | |
| | आयूर्वेद तथा वैक्लपिक चिकित्सकका कर्मचारीको तलब भत्ता लगायतको वार्षिक खर्च | नेपाल सरकार | नगद | १९५५ |
| प. | **आयूर्वेद सेवा कार्यक्रम** | | | |
| | आयूर्वेद सेवा कार्यक्रम | नेपाल सरकार | नगद | ७०० |
| फ. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** | | | |
| | तलब | नेपाल सरकार | नगद | ४१७ |
| | अस्थायी तथा करार कर्मचारीको लागि पोशाक | नेपाल सरकार | नगद | १० |
| | कार्यालय संचालन तथा मसलन्द खर्च | नेपाल सरकार | नगद | ५० |
| **कुल जम्मा** | | | | **२५८५००** |